# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१/०८२

# कपिलवस्तु

District Disaster Preparedness and Response Plan (DPRP) 2024/2025,
Kapilvastu

## जिल्ला विपद् व्यवस्थापन समिति

## कपिलवस्तु

परिमार्जित दस्तावेजः जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०/०८१, कपिलवस्तु

अद्यावधिक कार्यः २०८१/०८२

प्रकाशकः जिल्ला विपद् व्यवस्थापन समिति, कपिलवस्तु

प्रकाशन मितिः २०८१

व्यवस्थापनः जिल्ला विपद् व्यवस्थापन समिति, कपिलवस्तुको मिति २०८१/०४/३१ गते बाट स्विकृत

सर्वाधिकारः © प्रकाशकमा

## मेरो भनाई

नेपालको संविधानले सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विपद् व्यवस्थापनको काममा संघ, प्रदेश र स्थानीय सरकारले गर्नु पर्ने कामको बारेमा उल्लेख गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा समेत केन्द्र, प्रदेश र स्थानीय तहको जिम्मेवारीको बारेमा उल्लेख गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्य योजना (२०१८-२०३०), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, लगायतमा पनि प्रकोपको जोखिम न्यूनीकरण सम्बन्धी अवधारणालाई आपतकालीन पूर्वतयारी प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गरिएको छ ।

विपद् पूर्व तयारी तथा विपद् पश्चातका पुनर्लाभिका चरणहरुमा पनि स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ । भौतिक संरचना निर्माण गर्दा भवन संहिता निर्देशिका तथा मापदण्डको पालना गराउने, स्थानीय तहका पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिने, समुदाय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्यसमिति गठन गर्ने, विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने, राहत मापदण्ड तयार गर्ने जस्ता कार्यहरु स्थानीय सरकारले गर्नु अपरिहार्य हुन्छ । स्थानीय तह, जिल्ला स्थित सुरक्षा निकाय, सरकारी कार्यालय, विपद्का क्षेत्रमा क्रियाशील विकास साझेदार, संचारकर्मी र नागरिक समाज आदिको सहयोगमा आ-आफ्नो क्षमताको विश्लेषण, मौज्दात सामग्रीहरुको लगत तयारी तथा आवश्यक पर्ने सामग्रीहरुको अनुमान गरी यस जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गर्नु आवश्यक छ । त्यसै गरी पालिका स्तरमा रहेको खुला स्थानको पहिचान र संरक्षण गरी विपद्का समयमा त्यसको सदुपयोग गर्नु जरुरी छ ।

यस जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१/८२ को तयारी गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिल्ला विपद् व्यस्थापन समितिका सम्पूर्ण सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधिज्यू, जिल्ला स्थित सुरक्षा निकाय, राजनैतिक दल, विषयगत क्षेत्रसंग सम्बन्धित कार्यालय, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको पूर्व तयारी तथा अन्तिम रुप दिने सम्म आवश्यक कार्य गर्ने जिल्ला प्रशासन कार्यालयका कर्मचारी, मानवीय सहायताको क्षेत्रको कार्य गर्ने संघ संस्था सबैमा विशेष आभार प्रकट गर्दै सरोकारवाला सबै पक्षको सहभागितामा तयार गरिएको यस योजनामा समाविष्ट गरिएका प्रतिवद्धताको अक्षरशः पालना हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

.......................

विश्व प्रकाश अर्याल<br>
प्रमुख जिल्ला अधिकारी<br>
अध्यक्ष<br>
जिल्ला विपद् व्यवस्थापन समिति<br>
कपिलवस्तु

**विषयसूचि** **पेज**


१ पृष्ठभूमि........................................................................... ६

१.२ जिल्लाको चिनारी ........................................................................ ७

१.३ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना................................................... ७

१.४ भौगोलिक विभाजनः ........................................................................ ७

१.५ जलवायु ................................................................................ ८

१.६ कपिलवस्तु जिल्लाको औषत तापक्रम र वर्षाको विवरण........................................ ८

१.७ माटोको बनावट र उर्वराशक्तिः.............................................................. ८

१.८ नदीनाला र तालः ......................................................................... ९

१.९ प्रमुख पर्यटकीय, ऐतिहासिक तथा अन्य स्थालहरु............................................. ९

१.१० धार्मिक परम्परा र चाडपर्वहरू .......................................................... ९

१.१२ कपिलवस्तु जिल्लाको गाउँपालिका र नगरपालिकाहरुको विवरण .............................. ९

१.१३ आधारभूत जनसांख्यिक विवरणः ..........................................................१०

१.१४ यस जिल्लाको प्रमुख नदीनालाहरुको विवरणः................................................१०

१.१५ विपद्को अवस्था विश्लेषण ...............................................................१०

१.१६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता............................. १३

१.१७ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा .......................................१४

१.१८ विपद् पूर्वतयारी योजना र विपद् सम्बन्धी कार्य गर्ने निकाय ......................................१५

१.१९ विभिन्न बैठक तथा निणर्यहरु .............................................................१५

१.२० आवश्यकताको लेखाजोखा तथा पहिचान ......................................................१५

१.२१ विपद् जोखिम विश्लेषण.................................................................. १६

१.२२ जिल्लामा घट्ने विपद्का घटनाहरुको आधारमा जोखिम नक्सांङ्कन र विश्लेषण...........................१७

१.२३ विपद्को विगतको अवस्था र संभावना........................................................२०

१.२४ विषयगत क्षेत्रको पहिचान तथा निकायगत भूमिका र जिम्मेवारी.................................... २१

१.२५ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरणः .......................................... २१

२. क्षेत्रगत क्लस्टरका आधारमा नेतृत्व, विश्लेषण र योजना....... २४

२.१ खोज तथा उद्धार, समन्वय र सूचना....... २४

२.२ आवास तथा गैर खाद्य सामग्री....... २८

२.३ स्वास्थ्य तथा पोषण....... ३१

२.४ शिक्षा क्षेत्र....... ४०

२.५ संरक्षण क्षेत्र....... ४७

२.६ खानेपानी तथा सरसफाई र स्वच्छता....... ५३

२.७ कृषि, खाद्य तथा जीविकोपार्जन....... ५७

२.८ राहत तथा पुन निर्माण....... ६१

३. भूकम्पीय जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना भूमिका....... ६३

४. आगलागी रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना....... ७६

५. सम्भावित झाडापखाला हैजा, किटजन्य रोग (औलो, डेंगु आदि) लगायतका प्रकोप नियन्त्रणको कार्ययोजना....... ७८

६. शितलहर योजना / शितलहर आकस्मिक योजना कार्यान्वयन निकायको भूमिका तथा जिम्मेवारी....... ८१

अनुसूची १ :मानवीय क्षेत्रमा नेतृत्व गर्ने संस्थाहरु....... ८४

अनुसूची २ः जिल्लामा उपलब्ध एम्वुलेन्स सेवाहरु....... ८५

अनुसूची ३ : खाद्य तथा गैर खाद्य सामग्रीको लागि सम्पर्क संस्थाहरु....... ८६

अनुसूची ४ः हेलिप्याडहरु भएका स्थान....... ८६

अनुसूची ५ः आपतकालीन आश्रय स्थलहरु....... ८७

अनुसूची ६ः अस्थायी आश्रय स्थानका लागि पहिचान भएका खुल्ला स्थलहरु....... ८७

अनुसूची ७ः सर्पदश उपचार केन्द्र....... ८७

अनुसुची ८ः विपद् सम्पर्क व्यक्तिहरु....... ८७

अनुसूची ९ः रक्त संचार केन्द्र....... ८८

अनुसूची १०ः कार्यालयहरु तथा समुदायमा रहेका उद्धार सामग्रीहरु....... ८८

अनुसूची ११ः सुरक्षा निकायसँग भएका खोज तथा उद्धार सामग्रीहरुः....... ९०

## १ पृष्ठभूमि

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशमा एक हो । विश्वका १९८ मूलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३०औं स्थानमा, र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो देशको रूपमा रहेको छ ।प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रूपमा रहेको छ । नेपालमा विशेष गरी नियमित रूपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढि परिवारहरू प्रभावित हुने गरेका छन् । नेपालमा गतवर्ष बिभिन्न विपद्हरूबाट सरदर औषतमा ४२७ जना मानिसहरुको मृत्यु भएको छ। यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेको छ।

विपद्को कारण नेपालले गत वर्ष मात्रै रु. ६ अर्ब ६८ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ । सोहि वर्ष कपिलवस्तु जिल्लाले रु. २० करोड ३२ लाख बराबरको आर्थिक क्षति व्यहोरेको छ। कमजोर भू-बनोट, जटिल भूगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ। विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्य योजना २०१८-२०३०, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७५ मा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपतकालिन पूर्बतयारी प्रतिकार्य तथा पुनर्लाभ) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्ने समेत उल्लेख गरिएको छ । विपद्को सवाल राहत र उद्धारसँग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक विषयहरूसँग यसको प्रत्यक्ष सम्बन्ध छ । यस्तै संवेदनशील सवालहरूलाई हृदयंगम गरी विपद् व्यवस्थापनका गतिविधिहरूलाई विकासका हरेक पक्षसँग समाहित गर्दै दिगो विकासको अवधारणा भित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवम् दिर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिविधिहरूलाई विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू र सरोकारवाला निकायहरूबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्मका कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरूलाई मनन् गरी जोखिम तथा संङकटासन्नता, विपद् प्रभावित गाउँपालिका तथा नगरपालिकाहरू, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको क्षमता र सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म प्रभावकारी बनाउने प्रयासस्वरूप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० लाई अद्यावधिक गरी २०८१ प्रकाशन गरिएको हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को दफा १६ बमोजिम गठित यस कपिलवस्तु जिल्लाको

जिल्ला विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार अन्तर्गत जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्न, गराउने बमोजिम यो योजना तयार भएको छ ।

## १.२ जिल्लाको चिनारी

कपिलवस्तु जिल्ला नेपालको सात प्रदेश अन्तर्गत लुम्बिनी प्रदेशका १२ जिल्ला मध्येको तराईमा पर्ने एक जिल्ला हो । २७॰२५' देखि २७॰४९' उत्तरी अक्षांश र ८२॰४१' देखि ८३॰१४' पूर्वी देशान्तर सम्म फैलिएको यस जिल्लाको कुल क्षेत्रफल १७३८ वर्ग कि.मि. रहेको छ । नेपालको मान चित्रमा यस जिल्लाको पूर्वमा रुपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारतको उत्तर प्रदेश तथा पश्चिममा दाङ जिल्ला रहेका छन । जिल्लाको पूर्वपश्चिम सरदर लम्बाई ५४ कि.मि. र उत्तर दक्षिण चौडाई ३२ कि.मि. रहेको पाईन्छ ।

कपिलवस्तु नामाकरणका सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचीन कालमा कौशल देशका राजा ओकाकका सन्तानहरु उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी ऋषिको आश्रममा पुगे। उनीहरुले आफ्नो बृत्तान्त उल्लेख गरेपछि ऋषिले नजिकको सालको जंगल फाँडी बसोबास गर्न सल्लाह दिए अनुसार कालान्तरमा घना बस्ती हुनगएकोले कपिवत्थु ह'दै कपिलवस्तु नामाकरण हुन गयो। राजा शुद्धोधनको दरबार तथा भगवान गौतम बुद्धको बाल्य कृडा स्थल तिलौराकोट जिल्लाको प्रमुख पर्यटकिय स्थलको रुपमा रहेको छ ।

## १.३ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना

अक्षांश : २७०२५' देखि २७०४९' उत्तरी अक्षांश
देशान्तर : ८२०४१' देखि ८३०१४' पूर्वी देशान्तर
क्षेत्रफल : १७३८ वर्ग कि.मि.

**सिमाना**

उत्तर : अर्घाखाँची जिल्ला
पश्चिम : दाङ र भारत
दक्षिण : भारत
पूर्व : रुपन्देही

## १.४ भौगोलिक विभाजनः

उत्तरमा चुरे पर्वतको श्रृङ्खलामा पर्ने चारकोसे झाडि र दक्षिणमा तराईको समथर भूमी तथा अनेकौं नदी—नाला, अमूल्य वन सम्पदा र वन्यजन्तुहरु समेत प्रशस्त पाइने यस जिल्लालाई भू—बनावटका आधारमा तीन भागमा बाँड्न सकिन्छ ।

क) उत्तरी भागको चुरे डाँडाः समुद्री सतह देखि १००० फिट सम्मको उचाइमा रहेको यो पहाड पूर्व—पश्चिम तर्फ फैलिएर बसेको छ ।

ख) मध्य भागको भावर प्रदेशः यस जिल्लाको चुरे पहाडको फेदीबाट विस्तारै भिरालो पर्दै दक्षिणतिर यो प्रदेश पर्दछ ।

ग) दक्षिणको समथर भूमि (तराई प्रदेश): भावर प्रदेश देखि दक्षिणमा भारत सम्म सिमाना जोडिएको भूभाग सम्मको समथर भूमी तराई प्रदेशमा पर्दछ । यसको उचाई समुद्रको सतहबाट अधिकतम ७०० फिट पर्दछ । बाणगङ्गा नदीले यस जिल्लालाई २ भागमा विभाजित गरेको छ ।

## १.५ जलवायु

यस जिल्लामा गर्मीमा अत्यधिक गर्मी हुन्छ र तातो हावा (लु) पनि चल्छ । जाडोमा अत्यधिक जाडो हुन्छ र शितलहर पनि हुन्छ । चैत्र महिना देखि असोजको प्रारम्भ सम्म निकै गर्मी हुन्छ । असोज, कार्तिक र फाल्गुण समसितोष्ण तथा बाँकी तीन महिना मंसिर, पुष र माघमा जाडो हुने गर्दछ । यसरी यो जिल्लाको हावापानी मौसम अनुसार विविध र विषम किसिमको रहेको छ ।यस जिल्लाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

## १.६ कपिलवस्तु जिल्लाको औषत तापक्रम र वर्षाको विवरण

| Month | Year 2023 | | | Year 2024 | | |
|---|---|---|---|---|---|---|
| | Max (°c) | Min (°c) | Rain (mm) | Max (°c) | Min (°c) | Rain (mm) |
| Jan | 18.8 | 9.1 | 0.0 | 16.5 | 8.6 | 0.5 |
| Feb | 25.1 | 11.3 | 0.0 | 24.0 | 8.5 | 0.0 |
| Mar | 30.8 | 14.6 | 0.0 | 29.9 | 13.5 | 3.6 |
| Apr | 36.1 | 17.5 | 38.6 | 39.3 | 18.9 | 11.2 |
| May | 35.9 | 22.3 | 36.5 | 37.8 | 25.1 | 0.0 |
| Jun | 38.3 | 26.3 | 101.3 | | | |
| Jul | 33.4 | 27.0 | 95.3 | | | |
| Aug | 31.9 | 26.5 | 358.7 | | | |
| Sep | 33.5 | 25.8 | 438.8 | | | |
| Oct | 31.1 | 20.1 | 231.7 | | | |
| Nov | 29.4 | 14.9 | 106.6 | | | |
| Dec | 24.5 | 10.8 | 0.5 | | | |

## १.७ माटोको बनावट र उर्वराशक्तिः

जिल्लाको दक्षिणी क्षेत्रमा नदीले उत्तरतर्फबाट बगाई ल्याएको मलिलो पाँगो माटो पाइन्छ । यो बढी उर्वराशक्ति भएको माटो हुनाले यस क्षेत्रमा जमिनको उत्पादकत्व तुलनात्मक रुपमा बढी भएको पाइन्छ । मध्य भागमा बालुवा, ढुङ्गा र गेगरबाट बनेको बलौटे माटो पाइन्छ भने उत्तर तर्फ फुस्रो माटो अधिक

पाइन्छ । खेतीपातीका दृष्टिले यो माटोलाई कमजोर मानिन्छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार यस जिल्लामा कुल खेतियोग्य जमिन ५७०३९.४ हेक्टर रहेको छ। जसमध्ये ४०८७९.६ हेक्टर बाह्रै महिना सिंचित हुन्छ भने बाँकीमा बर्षातमा मात्र सिंचाई सुविधा उपलब्ध छ। यहाँका खेतहरु नदी किनारमा रहेकोले माटोको उर्वराशक्ति राम्रो छ । तर अन्य पाखोमा प्राय बर्षको १ पटक मात्र खेती गरिन्छ । जिल्लाका नदी किनारका जमिनहरुमा बाढीको समस्या रहेको छ । जिल्लाका दक्षिणवर्ती होचो समथर जमिनहरुमा बर्षातमा डुवानको समस्या रहेको छ ।

### १.८ नदीनाला र तालः

**१.८.१ नदीनालाः** वाणगंगा, अर्रा, अगिया, कोईली, सुराई, चिराई, गुडरुङ, जमुवार आदि ।

**१.८.२ तालः** जगदिशपुर ताल, सगरहवा ताल, विजुवा, कोपवा, बुड्ढी, हरिहरपुर ताल, कर्मा ताल, घोघहवा ताल, पुरैनी ताल ।

### १.९ प्रमुख पर्यटकीय, ऐतिहासिक तथा अन्य स्थालहरु

यस जिल्लामा विभिन्न पर्यटकीय क्षेत्रहरु रहेका छन् । तीमध्ये केही ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्वका पर्यटकीय क्षेत्र छन् भने केही ऐतिहासिक एवं अन्य पर्यटकीय क्षेत्रहरु रहेका छन् ।

**१.९.१ पुरातात्विक तथा ऐतिहासिक स्थलहरुः** तिलौराकोट, कुदान, गोटिहवा, सगरहवा, निग्लिहवा, डेरवा, सारकुप, अरौराकोट, सिसहनिया, शिवगढी आदि ।

**१.९.२ सांस्कृतिक सम्पदाहरुः** समयमाई, ताम्रेश्वरनाथ महादेव, शिवगढी, रामघाट, लक्ष्मणघाट आदि ।

**१.९.३ व्यापारिक स्थानहरुः** तौलिहवा, कृष्णनगर, चन्द्रौटा, गोरुसिंगे, जितपुर, पकडी, लवनी आदि ।

### १.१० धार्मिक परम्परा र चाडपर्वहरू

१.१०.१ चाडपर्वः यस जिल्लामा दशैं, तिहार, फाल्गुण पुर्णिमा, रामनवमी, शिवरात्री, चैते दशैं, तिज, मकर सक्रान्ति, मोहर्म, ईद, बकर ईद आदि ।

१.१०.२ **मेलाः** रामघाट मेला, लक्ष्मणघाट मेला, रामलिला मेला, शिवगढी मेला, हथौसा मेला आदि ।

**१.११ प्रशासनिक विभाजनः** यस जिल्लामा ३ वटा प्रतिनिधी सभा निर्वाचन क्षेत्र, ६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र, १० वटा स्थानीय तह (६ नगरपालिका र ४ गाउँपालिका) रहेका छन् ।

### १.१२ कपिलवस्तु जिल्लाको गाउँपालिका र नगरपालिकाहरुको विवरण

| क्र.सं. | स्थानीय तहको नाम | क्षेत्रफल(वर्ग कि.मि.) | केन्द्र | वडा संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | बाणगंगा नगरपालिका | २३३.६८ | ४ नं जितपुर | ११ | ९६७१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बुद्धभूमि नगरपालिका | ३६६.६७ | बुड्ढी | १० | ७६५०७ |
| ३ | शिवराज नगरपालिका | २८४.०७ | चन्द्रौटा | ११ | ८४८१० |
| ४ | विजयनगर गाउँपालिका | १७३.१९ | खुरुहुरिया | ७ | ४३२९१ |
| ५ | कृष्णनगर नगरपालिका | ९६.६६ | कृष्णनगर | १२ | ७०१११ |
| ६ | महाराजगञ्ज नगरपालिका | ११२.२१ | महाराजगञ्ज | ११ | ६४६४५ |
| ७ | कपिलवस्तु नगरपालिका | १३६.९१ | तौलिहवा | १२ | ८८८७४ |
| ८ | यसोधरा गाउँपालिका | ६७.५६ | बैदौली | ८ | ४४९०० |
| ९ | मायादेवी गाउँपालिका | ८८.५३ | पकडी | ८ | ५५९७२ |
| १० | शुद्धोधन गाउँपालिका | ९१.६९ | लबनी | ६ | ५२८६१ |

## १.१३ आधारभूत जनसांख्यिक विवरणः

| जनगणना वर्ष (वि.सं) | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व | परिवारको औषत आकार | जनसंख्या वृद्धिदर | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| २०७८ | १२१९४६ | ६८२९६१ | ३३४६८७ | ३४८२७४ | ३९३ | ५.६० | १.७० | ९६.१० |
| २०६८ | ९१३२१ | ५७१९३६ | २८५५९९ | २८६३३७ | ३२९ | ६.२६ | १.१७ | ९९.७ |
| २०५८ | ७२९३२ | ४८१९७६ | २४७८७५ | २३४१०१ | २७७ | ६.६१ | २.६० | १०५.८८ |
| २०४८ | ६०९४८ | ३७१७७८ | १९१४४४ | १८०३३४ | २१४ | ६.१ | ३.२० | १०६ |
| २०३८ | ४६४१६ | २७००४५ | १४३४०० | १२६६४५ | १५५ | ५.८ | २.७५ | ११३ |

## १.१४ यस जिल्लाको प्रमुख नदीनालाहरुको विवरणः

बाणगंगा, सुरही खोला, कोइली खोला, चिराई खोला, कोठी खोला, वेल नदी, कोन्द्रे खोला । यहाँ नदीनालामा हिउँद तथा सुख्खायामको समयमा पानीको मात्रा कम हुने र वर्षातको समयमा अत्याधिक पानीको बहावले गर्दा नदी छेउछाउका गाउँबस्तीहरु डुबानमा पर्ने गर्छन ।

## १.१५ विपद्को अवस्था विश्लेषण

मनसुनजन्य विपद्को रुपमा रहेको बाढी, पहिरो र डुवानलाई मानिन्छ । तथापि यस समयमा खोलामा बग्ने, खाल्डामा परी मृत्यु हुने, सर्पले टोक्ने, जस्ता विपद् र चटयाङले मानवीय क्षति पुर्याउन सक्दछ ।

### १.१५.१ बाढी तथा कटानः

मनसुन अत्याधिक सक्रिय भएपछि असार, साउन, भदौमा बाढी आउने गर्दछ । बाढीले बोकेर ल्याएको थिग्रेनीले भावर र तराईका नदीको बहने मार्ग उकासिदिन्छ । चुरे पर्वतदेखि उत्पन्न खहरेहरुबाट अचानक आउने बाढीको कारण भावर र तराई क्षेत्र जोखिममा हुन्छ । चुरे र महाभारतबाट आएका नदीहरुमा बाढी आएमा दक्षिण तराईतर्फ डुवान, कटान र खेत बगर बन्ने तथा खेतमा बालुवा पटान हुने गर्छ ।अविरल वर्षा

भएमा जिल्लाभित्र रहेका बाणगंगा, वेल नदी,कोइली खोला, सुराई लगायतको खोलाहरुमा आउने बाढीले क्षति पुर्याउन सक्दछ ।

**१.१५.२ बाढी आउन सक्ने सम्भावित स्थानहरुः**

| सि.नं. | जोखिमयुक्त स्थान (स्थानीय तह, वडा नं. र स्थान) | जोखिमयुक्त हुनुको कारण |
|---|---|---|
| १ | बाणगंगा न.पा. ७, ८ र ९ | कोईली खोला र बाणगंगा नदी पर्ने |
| २ | महाराजगंज न.पा. ८ र १० | बाणगंगा नदी पर्ने |
| ३ | कपिलवस्तु न.पा. ३, ६, ९, ११ र १२ | बाणगंगा नदी पर्ने |
| ४ | बुद्धभूमि न.पा. १० | बाणगंगा नदी पर्ने |
| ५ | यशोधरा गा.पा. ८ | बाणगंगा नदी पर्ने |
| ६ | शिवराज न.पा. ९ | सुरही खोला पर्ने |
| ७ | विजयनगर गा.पा. ५ र ७ | चिराई खोला पर्ने |

**१.१५.३ डुबानः**

सिमावर्ती क्षेत्रमा रहेका तटबन्धन सडक र बाँधका कारणले ती क्षेत्रमा डुबान हुन सक्दछ । लामो समय र ठूलो पानी परेमा गाउँबस्ती समेत डुबानमा पर्न सक्ने देखिन्छ । डुवान जोखिमयुक्त स्थानहरुः

| सि नं | जोखिमयुक्त स्थान (स्थानीय तह, वडा नं. र स्थान) | जोखिमयुक्त हुनुको कारण |
|---|---|---|
| १ | बाणगंगा न.पा. ७, ८ र ९ | कोईली खोला पर्ने |
| २ | महाराजगंज न.पा. ८ र १० | बाणगंगा नदी पर्ने |
| ३ | कपिलवस्तु न.पा.११ र १२ | बाणगंगा नदी पर्ने |
| ४ | बुद्धभूमि न.पा. १० | बाणगंगा नदी पर्ने |
| ५ | यशोधरा गा.पा. ८ | बाणगंगा नदी पर्ने |
| ६ | शिवराज न.पा. ९ | सुरही खोला पर्ने |
| ७ | कृष्णनगर न.पा. २ | सुरही खोला पर्ने |

**१.१५.४ सीमा क्षेत्रमा भारतको तर्फबाट निर्माण भएका संरचना (बाँध,पुल,बाटो) को विवरण**

| क्रसं | संरचना रहेको ठेगाना | संरचनाको प्रकार(बाँध,पुल,बाटो) | दशगजाबाट दुरी | निर्माण मिति | संरचनाको कारणले नेपाल तर्फ क्षति हुने स्थानहरु |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | जि.सिद्धार्थनगर महलीगाउँ भारत | महली सागर बाँध | ५० मिटर | २०७४ | जिल्ला कपिलवस्तु यशोधरा गाउँपालिका वडा नं. ५ (भगवानपुर, भईसैया र लोहरौली) र ऐ.गा.पा.वडा नं. ६ डुवानमा पर्ने । |
| २ | जि.सिद्धार्थनगर परसौना भारत | बाणगंगा मुहान नहर | ५०० मिटर | सन २०१८ देखि निर्माण भइरहेको | यशोधरा गा.पा.-५ स्थित रहेको भगवानपुर, भैसैया, लोहरौली र ऐ.ऐ.गा.पा.६ रंगपुर र मर्यादपुर डुवानमा पर्ने |
| ३ | जि.सिद्धार्थनगर शोहरतगढ भारत | बाणगंगा ब्यारेज एंव नहर | २ कि.मी. | सन् १९५६ | महाराजगंज न.पा. १० हर्दौना ईलाकामा डुबान हुन सक्ने। |
| ४ | जि.सिद्धार्थनगर बडपुर २ ग्राम पञ्चायत भारत | मर्थी सागर बाँध | १.५ कि.मी. | - | मायादेवी गा.पा.-८ सानो नन्दनगर डुवानमा पर्ने । |
| ५ | जि.सिद्धार्थनगर बजाहा ग्रामसभा भारत | बजाँह सागर बाँध | १३०० मी. | - | मायादेवी गा.पा. ४ तुलसिडिहवा र ठूलो गौडा डुवानमा पर्ने। |
| ६ | जि.सिद्धार्थनगर ग्राम बर्डपुर, नरकुल भारत | सिसवा सागर | १ कि.मी | - | मायादेवी गा.पा. ४ चाकरचौडा डुवानमा पर्ने |

**१.१५.५ पहिरोः**

शिवराज नगरपालिका क्षेत्रमा पहिरोका कारणले धनजनको क्षति हुन सक्दछ । विशेष गरी महेन्द्रराजमार्गको वनकसबासादेखि धानखोलासम्मको क्षेत्रमा पहिरो गई सडक अवरुद्ध हुनुका साथै दुर्घटना हुन गई मानवीय क्षति हुन सक्दछ ।

**१.१५.६ सर्पदंशः**

वर्षातको समयमा सर्पदंशको घटना पनि हुने गर्दछ । गोरुसिंगेमा नेपाली सेनाको प्राविधिक सहयोग तथा बुद्धभूमि नगरपालिकाको संयोजन तथा छिमेकी पालिका समेतको सहयोगमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा रहेको छ ।

**१.१५.७ खाल्डामा तथा खोलामा हुने मृत्युः**

सडक निर्माण गर्दा होस् वा बाटो बिग्रेर खाल्डाखुल्डी भएका कारणले हुने दुर्घटना वा इँटाभट्टा वा अन्य निर्माणका खाल्डामा परेर बालबालिका वा वयस्कहरुको पनि मृत्यु हुन सक्दछ । साथै अव्यवस्थित रुपमा खोला तथा बगर क्षेत्रमा हुने उत्खननका कारणले पर्ने खाडलका कारणले पनि मृत्युको अवस्था निम्तिन्छ

।खोला तर्दै गर्दा बाढी आएर वा गाईवस्तु चराउन जाँदा वा वनजंगलमा जाँदा वा बाढीमा बगाएर ल्याएको दाउरा समात्न जाँदा वा पौडिदा बगेर मृत्यु हुन सक्दछ ।

**१.१५.८ चट्याङः**

मनसुनका समयमा चट्याङ लागेर मानवीय वा गाईवस्तुको मृत्यु हुने, घर चर्कने जस्ता घटनाहरु घट्न गई क्षति हुन सक्दछ ।

**१.१५.९ पानीजन्य रोगहरुः**

पानीजन्य रोगले कतिपय गाउँ बस्तीहरुलाई आक्रान्त पार्छ । वर्षायामसँगै मलेरिया, डेङगु, कालाजार, इन्सेफलाइटिस, कमलपित्त, झाडापखाला जस्ता संक्रमणको जोखिम पनि उच्च हुन्छ ।

**१.१५.१० शीत लहरः**

हिउँदका समयमा धेरै दिन घाम नलागेमा र बाक्लो हुस्सुसँगै अत्याधिक चिसो हुँदा यस जिल्लामा पनि शीतलहरबाट प्रभाव पार्ने गरेको छ । विशेष गरी गरीब, असहाय, ज्येष्ठ नागरिक, बालबालिका, सुत्केरी महिला, दीर्घ रोगीलाई असर पारेको देखिन्छ ।

**१.१५.११ तातो हावा तथा लुः**

गर्मी मौसममा तापक्रम वृद्धि हुँदै जाँदा अधिक गर्मी हुने र तातो हावा चल्दा (लु) लागेर मृत्यु हुन सक्दछ । विशेष गरी गरीब, असहाय, मजदुर, कृषक, ज्येष्ठ नागरिक, बालबालिका, सुत्केरी महिला, दीर्घ रोगीलाई असर पारेको देखिन्छ ।

**१.१५.१२ संक्रामक रोगहरुः**

संक्रामक रोगले कतिपय गाउँबस्तीहरुलाई कुनै पनि बेला आक्रान्त पार्न सक्दछ। वर्षायामसँगै मलेरिया, डेङ्ु, कालाजार, इन्सेफलाइटिस, झाडापखाला, हैजा, आँखा पाक्ने जस्ता संक्रमणको जोखिम पनि उच्च रहन्छ।

## १.१६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता

क) विपद्को समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न बनेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय अनुकुल बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने फेरबदल अनुसारको प्रतिकार्य योजना बनाउन यस अघि बनेको प्रतिकार्य योजनालाई अद्यावधिक गर्नुपर्ने हुन्छ ।

ख) प्रतिकार्य योजना अद्यावधिक गर्दा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पुर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरू समेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता आउँछ।

ग) विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद्मा आउने श्रोतलाई विकेन्द्रित गरी क्षेत्रगत रूपले परिचालन गर्न विपद् प्रतिकार्य योजनाले मद्दत गर्छ ।

घ) प्रभावित समुदायलाई प्रकोपको पुर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन समेत दिन्छ ।

ङ) विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।

च) आपतकालिन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।

छ) क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

ज) आकस्मिक प्रतिकार्य योजना निर्माण गरी पूर्वतयारीका कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।

झ) नेपाल रेडक्रस सोसाईटी कपिलवस्तु जिल्ला शाखाले तयार गरेको बाढी तथा भुकम्प सम्बन्धी विपद् आकस्मिक योजनाले समेत जिल्लाको समग्र प्रतिकार्य प्रणालीलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।

ञ) बाढी तथा भुकम्पीय प्रतिकार्य तालिकाको आधारमा विपद्को समयमा जिल्लास्थित सरोकारवाला निकायहरू प्रतिकार्यमा क्रियाशिलतामा वृद्धि भई प्रभावकारी प्रतिकार्यका गतिविधि संचालनमा मद्दत गर्दछ ।

## १.१७ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो। साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित र प्रभावकारी मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ।

यस योजनाका विशिष्ट नतिजा निम्नानुसार छन् ।

क) विपद् पूर्व गर्नुपर्ने आधारभूत जोखिम न्यूनीकरणका कार्य सुनिश्चित हुनेछन् ।

ख) विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।

ग) विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ।

घ) उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।

ङ) सामाजिक, साँस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ।

च) क्षेत्रगत रूपमा कामका बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास हुनेछ ।

छ) सङ्कटासन्न समुदाय एवं क्षेत्रहरू पहिचान भई प्रकोप जोखिम नक्साङ्कन तयार हुनेछ ।

ज) जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ-संस्थाहरू पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।

झ) विषयगत क्षेत्रहरूको विपद् प्रतिकार्य आकस्मिक योजना निर्माण हुनेछ ।

ञ) विपद् प्रभावितलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरू अवलम्बन गर्न सजिलो पार्छ।

ट) जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुनेछ ।

ठ) स्थानीय तहमा विपद् आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई कार्यान्वयनमा आउने र विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज हुनेछ ।

ड) विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरूबीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

ढ) विपद्को समयमा स्थानीय तह तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढन सहज हुनेछ ।

ण) यस जिल्ला भई बहने नदी प्रणालीहरूमा बाढी पूर्वसूचना प्रणाली स्थापना गर्न सहयोग हुने र कार्यान्वयनमा आई बाढी पूर्वसूचना प्रणालीलाई जिल्ला तथा स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रसम्म बाढी तथा मौसम पूर्वानुमान सम्बन्धी सूचना आदानप्रदान हुनेछ ।

## १.१८ विपद् पूर्वतयारी योजना र विपद् सम्बन्धी कार्य गर्ने निकाय

कपिलवस्तु जिल्लामा मानवीय सहायताको क्षेत्रमा प्रत्यक्ष रूपमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूको विवरण अनुसूचीमा राखिएको छ ।

## १.१९ विभिन्न बैठक तथा निणर्यहरु

कपिलवस्तु जिल्ला विपद्को दृष्टिले संवेदनशील जिल्ला हो । यस जिल्लामा वर्षेनी विपद्बाट प्रभावित हुने जनसंख्यालाई यथाशीघ्र आवश्यक उद्धार तथा राहत पुऱ्याउन जिल्ला विपद् व्यवस्थापन समितिले जिल्ला विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०६७ मा प्रथम पटक तयार गरी त्यसमा प्रतिवर्ष समयानुकूल परिमार्जन गर्दै आइरहेको छ । यसै सन्दर्भमा गतवर्ष तयार गरिएको विपद्पुर्व तयारी तथा प्रतिकार्य योजनालाई समयानुकूल परिमार्जन गरी प्रस्तुत गर्न जिल्ला विपद् व्यवस्थापन समितिको निणर्यानुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ अद्यावधिक गरिएको छ ।

## १.२० आवश्यकताको लेखाजोखा तथा पहिचान

आवश्यकताको लेखाजोखा र पहिचानको सन्दर्भमा पनि क्षेत्रगत रूपमा नै जिल्लामा भएका श्रोतहरूको अवस्था आँकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र विगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका आवश्यकता र समस्याहरू पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ ।

क) सबै स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, संशोधन २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति २०७५, विपद् जोखिम तथा व्यवस्थापन रणनीति २०७५ लाई आत्मसाथ गरी सबै तहले तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्नेछ ।

ख) सबै स्थानीय तहहरूले पर्याप्त मात्रामा खोज तथा उद्धारका सामग्रीहरूको भण्डारण गर्नुपर्ने देखिन्छ ।

ग) स्थानीय तहले विपद् जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउने ।

घ) सबै स्थानीय तहले विपद् प्रभावितहरूलाई तत्काल अस्थायी आवासका लागि विपद् पूर्व नै खुल्ला तथा सुरक्षित स्थानको पहिचान गर्नुपर्ने ।

ङ) स्थानीय तहले विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका गतिविधि संचालन गर्नुपर्ने । जस्तैः विपद् जोखिम, सङकटसन्नता र उत्थानशिलताको लेखाजोखा, विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन योजना तर्जुमा, सामुदायिक खोज उद्धार, जोखिमको नक्शांकन आदि सम्बन्धी तालिम गर्नुपर्ने ।

च) नयाँ संरचना अनुसार जिल्लामा भएका सबै क्षेत्रगत कार्यालयहरू स्थानीय तहमा रहने भएको हुँदा सबै स्थानीय तहले बिषयगत क्षेत्र अवधारणालाई अवलम्वन गरी सबै बिषयगत क्षेत्रहरु जस्तै राहत, विपद् लेखाजोखा, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, अस्थायी आवास, संरक्षण आदि आवश्यकताको आधारमा सक्रिय बनाउने ।

छ) स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रको स्थापना गरी पूणरूपमा प्रभावकारी ढंगबाट संचालनमा ल्याउने जसले गर्दा स्थानीय तहमा विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्यमा महत्वपूर्ण भूमिका रहन्छ ।

ज) पालिकाका सबै वडामा वडा स्तरीय विपद् व्यवस्थापन सामाग्री सहितको विपद् व्यवस्थापन कर्नर र समुदाय स्तरीय तालिम गर्नुपर्ने ।

## १.२१ विपद् जोखिम विश्लेषण

२०७८ को जनगणना अनुसार ६८६७३९ (पुरूष ३३७६०४ र महिला २३४९१३५) जनसंख्या भएको कपिलवस्तु जिल्ला प्राकृतिक तथा गैह्रप्राकृतिक प्रकोप विशेष गरी भुकम्प, आगलागी, बाढी, डुवान, असिना, सर्पदंश, हावाहुरी, शीतलहर, खडेरी, द्वन्द, सवारी दुर्घटना जस्ता समस्याहरू उच्च रहेको जिल्लाहरू मध्ये एक हो ।

यस मैदानी क्षेत्रमा पहाडी भागबाट साना ठूला नदीनालाहरू बगेर आएका छन् । बाणगंगा, सुराई, बेल तथा चिर्राई नदी आदि यस जिल्लाका प्रमुख नदीहरू हुन् । मनसुनी मुसलधारे वर्षाले यस जिल्लाको उत्तरी पहाडी क्षेत्रमा प्रायः वर्षेने पहिरो र भू-क्षय जस्ता समस्या आउने गरेका छन् भने त्यही पानीले समथर तराई क्षेत्रलाई बाढीको चपेटामा पार्ने गरेको छ । यसको साथै दक्षिणतर्फ भारतीय भूमिमा झर्रइ, महलीसागर, बजाह जस्ता बाँधहरूको कारणबाट जिल्लाको दक्षिण भू-भाग वर्षेनी डुवानमा पर्ने गरेको छ । त्यसै गरी गर्मीको समयमा आगलागी, हावाहुरी, महामारी, खडेरी, सर्पदंश आदिले धेरै जनधनको क्षति हुने गर्छ भने मानव द्वन्द्व, सवारी दुर्घटना आदि पनि यस जिल्लाका अन्य प्रमुख संकटहरू हुन् ।

कपिलवस्तु जिल्लाका विगतका तथ्यांकहरू केलाउदा बाढी तथा डुवान, आगजनी जस्ता प्रकोपहरू अन्य प्रकोपहरूको तुलनामा अधिक देखिन्छ । मुख्य गरी यस जिल्लामा बाढीको घटनाहरू पुर्वमा बाणगंगा र पश्चिममा सुराई र चिर्राईजस्ता नदी र खोलाहरूको कारणबाट हुने गर्दछन् । त्यसमा पनि नदी छेउमा बसेको बस्ति, कमसल जमीनमा पनि खेती बिस्तार गर्दै जानुपर्ने स्थिति, अव्यवस्थित बर्साई सराई, अव्यवस्थित बसोवास, धेरैजसो कच्ची फुसको घर र तीव्र गतिमा भैरहेको वन जंगल लगायतका प्राकृतिक सम्पदाको

विनासले कपिलवस्तुलाई बाढी तथा आगजनीले प्रभावित पारेको छ । यसको अतिरिक्त सडक दुर्घटना, हावाहुरी, असिना, खडेरी जस्ता समस्याले गर्ने क्षति अलग्गै छ । प्रकोपको न्यूनीकरण, प्रभावितलाई उद्धार तथा राहत र पुनर्स्थापनाका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र विभिन्न सरकारी तथा गैरसरकारी सस्था, स्थानीय तह साथै नागरिक स्तरबाट समेत विभिन्न प्रयासहरू भएका पाइन्छन् ।

## १.२२ जिल्लामा घट्ने विपद्का घटनाहरुको आधारमा जोखिम नक्सांङ्कन र विश्लेषण

### १.२२.१ विपद्का घटनाहरुको आधारमा जोखिम नक्सांङ्कन

| क्र.स | स्थानीय तहको नाम | बाढी | पहिरो | आगलागी | महामारी | भूकम्प | शितलहर | संकटासन्न घरधुरी | स्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | निम्न | मध्यम | उच्च |
| १ | बाणगंगा न.पा. | ४ | १ | ३ | २ | २ | ३ | ९०० घरधुरी | | √ | |
| २ | वुद्धभुमी न.पा. | ३ | १ | २ | २ | १ | ३ | ८०० घरधुरी | | √ | |
| ३ | कपिलवस्तु न.पा. | २ | १ | ३ | २ | २ | ३ | ५०० घरधुरी | | √ | |
| ४ | महाराजगंज न.पा. | ३ | ० | ३ | २ | २ | ३ | ८०० घरधुरी | | √ | |
| ५ | कृष्णनगर न.पा. | २ | १ | ५ | २ | २ | ४ | ५०० घरधुरी | | √ | |
| ६ | शिवराज न.पा. | १ | १ | २ | २ | १ | ३ | ७०० घरधुरी | | √ | |
| ७ | मायादेवी गा.पा. | ३ | १ | ३ | २ | २ | ३ | १२०० घरधुरी | | √ | |
| ८ | शुद्धोधन गा.पा. | २ | २ | ५ | ४ | ३ | ४ | ५०० घरधुरी | | √ | |
| ९ | बिजयनगर गा.पा. | १ | १ | ४ | २ | २ | ३ | ११०० घरधुरी | | √ | |
| १० | यशोधरा गा.पा. | ३ | १ | ५ | २ | २ | ४ | २८६४ घरधुरी | | √ | |

### १.२२.२ विपद्का घटनाहरुको आधारमा जोखिम विश्लेषण

| क्र. सं | स्थानीय तह | जोखिममा रहेका स्थान र तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | आगलागी | भूकम्प | वायु प्रदुषण | तह |
| १. | कपिलवस्तु नगरपालिका | कपिलवस्तु नपा ९, तिलौराकोट, ६ सौराह१२ | छैन | ७. धर्मपनिया<br>८. दोहनी<br>११.जहदी<br>१२.सौराहा | वडा नं. १ देखि ५ का शहरी क्षेत्रहरु | (वडा नं. १ देखि ५) मध्यम जोखिम | ४ |

| क्र. सं | स्थानीय तह | जोखिममा रहेका स्थान र तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | आगलागी | भूकम्प | वायु प्रदुषण | तह |
| २. | बुद्धभूमि नगरपालिका | १० धनकौली, बुड्डी | छैन | ६. महुवा<br>७. मानपुर<br>१०. धनकौली | वडा नं. १ देखि ५ का शहरोन्मुख क्षेत्रहरु | कम जोखिम | ४ |
| ३. | शिवराज नगरपालिका | ८. बिसनपुर,<br>९ शिवगढी | शिवगढी | ४. चनई<br>७. जवाभारी<br>८. बिसनपुर<br>१०. लालपुर<br>११. थुनिया | नगर पालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ४. | महाराजगंज नगरपालिका | महाराजगंज<br>२, बर्गदवा<br>८ कजरहवा<br>१० हर्दौना<br>११, पडरिया | छैन | सबै वडाहरु | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ५. | कृष्णनगर नगरपालिका | ५ पुरुषोत्तमपुर | छैन | ५. पुरुषोत्तम<br>६. भिल्मी<br>७. अजिगरा<br>८. बहादुरगंज<br>९. विद्यानगर<br>१०. रामनगर<br>११. भगवानुर | वडा नं. १ देखि ४ का शहरी क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ६. | बाणगंगा नगरपालिका | बाणगंगा नपा ५,६ र ७ वनगाई | छैन | कम जोखिम | नगरपालिका शहरोन्मुख क्षेत्र | कम जोखिम | ४ |
| ७. | मायादेवी गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| ८. | यशोधरा गाउँपालिका | ५ बैदौली ६ रंगपुर ८ सिहखोर | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ४ |
| ९. | शुद्धोधन गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| १० | विजयनगर गाउँपालिका | ४ र ४ पत्थरदेइया | | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ४ |

### १.२२.२ महिना अनुसार भएको विपद् घटना विवरण तथा प्रकोपको संख्यात्मक बिबरण आर्थिक वर्ष २०८०।०८१

| क्र.स. | घटना | महिना | घटना सख्या | मानिस मृत्यु | मानिस घाईते | चौपाया मृत्यु | चौपाया घाईते | क्षती |
|---|---|---|---|---|---|---|---|---|
| १ | आगलागी | श्रावण | ३ | ० | ० | ० | ० | ४९०५०० |
| | | भाद्र | ४ | ० | ० | ५ | ४ | ५८०००० |
| | | आश्विन | ७ | ० | ० | ० | १ | ३२६४०० |
| | | कार्तिक | ९ | ० | ० | ० | ३ | ११८५००० |
| | | मंसिर | ६ | ० | ० | ० | ० | ७६२००० |
| | | पौष | ५ | ० | ० | ० | १ | ५२०००० |
| | | माघ | ८ | ० | ० | ६ | ६ | २२४५००० |
| | | फाल्गुन | ९ | १ | ० | ० | १ | २६०१००० |
| | | चैत्र | २० | ० | ३ | ९५ | ३ | ९४२७७०० |
| | | बैशाख | ४१ | ० | ३ | २७ | ३ | १२०९८६२०० |
| | | जेष्ठ | ५ | ० | १ | ० | ० | ११४५००० |
| | | असार | ४ | ० | ० | २ | ० | ३४१६४८९ |
| २ | चट्याङ | भदौ | १ | १ | ० | ० | ० | ० |
| | | असार | २ | २ | ० | ० | ० | ० |
| ३ | सर्पदंश | श्रावण | ६ | २ | ४ | ० | ० | ० |
| | | भाद्र | १ | ० | १ | ० | ० | ० |
| | | आश्विन | १ | २ | ० | ० | ० | ० |
| | | कार्तिक | २ | ० | २ | ० | ० | ० |
| | | चैत्र | १ | ० | १ | ० | ० | ० |
| | | बैशाख | १ | ० | १ | ० | ० | ० |
| | | जेष्ठ | २ | ० | २ | ० | ० | ० |
| | | असार | ६ | १ | ५ | ० | ० | ० |
| ४ | करेन्ट | श्रावण | ३ | २ | २ | ० | ० | ० |
| | | भाद्र | २ | १ | १ | ० | ० | ० |
| | | मंसिर | १ | १ | ० | ० | ० | ० |
| | | चैत्र | १ | १ | १ | ० | ० | ० |
| | | जेष्ठ | २ | १ | १ | ० | ० | ० |
| | | असार | ६ | २ | २ | ० | ० | ० |
| ५ | डुबान | असार | ३ | ० | ० | ० | ० | १७५००० |

| कुल जम्मा | १६२ | १७ | ३० | १३५ | २२ | १४३८६०२८९ |
|---|---|---|---|---|---|---|

### १.२२.३ आ.व. २०८०।०८१ मा जिल्ला विपद् ब्यवस्थापन समितिबाट गरिएको राहत विवरण

| आ.व.२०७९/०८० | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विपद्को प्रकृति | मृतक राहत | | तत्काल राहत | | उपचार खर्च | | अन्य | कैफियत |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | आगलागी | - | - | ६४ | २,९५,००० | - | - | - | |
| २ | शितलहर | - | - | ६०० | ७,७९,७०० | - | - | - | ब्लाङ्केट वितरण |
| ३ | अविरल वर्षा | - | - | ८ | ४९,५०० | - | - | - | |
| ४ | आगलागी | ३ | ३,००,००० | ५ | २,५०,००० | - | - | - | आन्तरिक मामिला तथा कानून मन्त्रालय,लुम्बिनी प्रदेशको अख्तियारी बमोजिम |
| ५ | पानिमा डुवेर | १ | १,००,००० | - | - | - | - | - | |
| ६ | चट्याङ्ग | २ | २,००,००० | - | - | - | - | - | |
| ७ | सर्पदंश | ३ | ३,००,००० | - | - | - | - | - | |
| कुल जम्मा | | ९ | ९,००,००० | ६७७ | १३,७४,२०० | - | - | - | |
| आ.व.२०८०/०८१ | | | | | | | | | |
| क्र. सं. | विपद्को प्रकृति | मृतक राहत | | तत्काल राहत | | उपचार खर्च | | अन्य | कैफियत |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | आगलागी | - | - | ९५ | ४,९४,५०० | - | - | - | |
| २ | अविरल वर्षा | - | - | ७ | २३,५०० | - | - | - | |
| ३ | आगलागी | - | - | २३ | ४,६८,५०० | - | - | - | आन्तरिक मामिला तथा कानून मन्त्रालय,लुम्बिनी प्रदेशको अख्तियारी बमोजिम |
| ४ | हावाहुरी | - | - | ७ | ५१,००० | - | - | - | |
| ५ | अविरल वर्षा | - | - | २ | २०,००० | - | - | - | |
| ६ | सर्पदंश | ८ | ८,००,००० | - | - | - | - | - | |
| **कुल जम्मा** | | ८ | ८,००,००० | १३४ | १०,५७,५०० | - | - | - | |

## १.२३ विपद्को विगतको अवस्था र संभावना

विगतका वर्षमा कपिलवस्तु जिल्लामा बाढीजन्य प्रकोपबाट धेरै मात्रामा धनजनको क्षतिभएको थियो । २०६१ साल भाद्रमा साविक सौराह गाविसको बर्गदी घाटमा बाढीले डुंगा पल्टाउँदा १२० जना मानिसको मृत्यु भएको थियो भने प्रत्येक वर्ष ४ देखि ७ जना सम्म मानिसहरूको बाढीको कारणबाट मृत्यु हुने गरेको छ । त्यस्तै गरि गत वर्ष यस जिल्लामा विपद्का कारण ९० जनाले ज्यान गुमाएको र १९२ जना घईते भएका थिये । वर्षेनी आउने बाढी लगायतका प्रकोपहरूले जिल्लाको भौतिक पूर्वाधार तथा विकासका संरचनाहरूमा क्षति हुन गई सम्पुणर् जनजीवन प्रभावितहुने गरेका छन्। जिल्लाको मध्य तथा दक्षिण क्षेत्रमा डुवान, खेत कटान जस्ता समस्याले धेरै धनजनको नोक्सानी हुने गरेको छ। यस जिल्लामा आगलागीबाट पनि वर्षेनी लगभग ५०० घर टहरा जलेर नष्ट हुनुको साथै ४/५ जना मानिसको मृत्यु हुने गरेको छ यसको

साथै सर्पदंशबाट वर्षोनी ५/७ जना मानिसहरूको मृत्यु हुन्छ। यी सबै विपद्हरूलाई सम्बोधन गर्नु आवश्यक छ ।

तातो हावा (लु) तथा शीतलहरबाट कम उमेरका बालबालिकाहरू, सुत्केरी र गर्भवती महिला, बढी उमेरका जेष्ठ नागरिकहरू बढी जोखिममा रहेका छन। यस प्रकार जिल्लाको शहरोन्मुख नगरपालिका तथा गाँउपालिकामा बनेका ठूला भवन तथा भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी तरिकाबाट नबनेको हुँदा भूकम्पीय जोखिममा रहेको देखिन्छ।

### १.२४ विषयगत क्षेत्रको पहिचान तथा निकायगत भूमिका र जिम्मेवारी

प्रभावकारी मानवीय प्रतिकार्यका लागि नेपाल सरकारले विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०१८-२०३०, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७५ मार्फ विषयगत अवधारणालाई औपचारिक रूपमा मान्यता प्रदान गरिसकेको छ । निश्चित विषयगत क्षेत्रमा कार्यरत संस्थाहरूलाई एक अर्कोमा समन्वय गरी कार्य गर्न तिनीहरू मध्ये एउटालाई अगुवाको भूमिका प्रदान गरिएको छ । कपिलवस्तु जिल्लामा पहिचान गरिएका विषयगत क्षेत्रहरू निम्नानुसार छन ।

| **क्र.स** | **विषय क्षेत्र** | **नेतृत्व गर्ने निकाय** | **प्रमुख सह-नेतृत्व गर्ने निकाय** |
|---|---|---|---|
| १ | खोज उद्धार, समन्वय र सूचना | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय र सरोकारवाला निकाय |
| २ | आवास तथा गैर खाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी | स्थानीय तह र सरोकारवाला निकाय |
| ३ | स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, कपिलवस्तु | स्थानीय तह र सरोकारवाला निकाय |
| ४ | शिक्षा | शिक्षा विकास तथा समन्वय इकाई | स्थानीय तह र सरोकारवाला निकाय |
| ५ | संरक्षण | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | स्थानीय तह र सरोकारवाला निकाय |
| ६ | खानेपानी तथा सरसफाइ स्वच्छता | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | स्थानीय तह र सरोकारवाला निकाय |
| ७ | कृषि, खाद्य तथा जिविकोपार्जन | कृषि ज्ञान केन्द्र | स्थानीय तह र सरोकारवाला निकाय |
| ८ | पुननिर्माण तथा पुर्नस्थापना र राहत | जिल्ला समन्वय समिति | स्थानीय तह र सरोकारवाला निकाय |

### १.२५ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरणः

| **क्र.स.** | **निकाय** | **विषयगत क्षेत्र** | **कार्यरत क्षेत्र** | **सम्पर्क व्यक्तिको नाम र पद** | **सम्पर्क विवरण** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | खोज उद्धार, समन्वय | जिल्लाभित्र | प्र.जि.अ. | ९८५७३०७७७७ |
| २ | जि.स.स. | पुन निर्माण, पुनस्थापना, | जिल्लाभित्र | प्रमुख जि.स.स | ९८४६१३३३१८ |
| ३ | नेपाली सेना | खोज उद्धार | जिल्लाभित्र | प्रमुख सेनानी | ९८५१२४२०४५ |
| ४ | नेपाल प्रहरी | खोज उद्धार | जिल्लाभित्र | प्रहरी उपरीक्षक | ९८५७०८५५५५ |
| ५ | सशस्त्र प्रहरी बल नेपाल नं.२८ गण हे क्वा. ब्रमेली | खोज उद्धार | जिल्लाभित्र | स.प्र.उ. | ९८५१२७२११६ |
| ६ | कपिलवस्तु न.पा | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | कपिवलस्तु न.पा | सुदिप पौडेल, नगर प्रमुख | ९८४७०८३८५५ |
| ७ | बुद्धभूमि न.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | बुद्धभूमी न.पा. | केशव कुमार श्रेष्ठ, नगर प्रमुख | ९८५७०५०२९० |
| ८ | वाणगङ्गा न.पा | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | वाणगङ्गा न.पा | चक्रपाणी अर्याल, नगर प्रमुख | ९८५७०५४०२० |
| ९ | महाराजगंज न.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | महाराजगंज न.पा. | अब्दुलकलाम, नगर प्रमुख | ९८५७०५६८८६ |
| १० | शिवराज न.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | शिवराज न.पा. | अजय थापा , नगर प्रमुख | ९८५७०५५००४ |
| ११ | बिजयनगर गा.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | बिजयनगर गा.पा. | गोपाल बहादुर थापा मगर अध्यक्ष | ९८५७०५५१०४ |
| १२ | यशोधरा गा.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | याशोधरा गा.पा. | शिव दयाल तिवारी, अध्यक्ष | ९८१६४३७७३५ |
| १३ | कृष्णनगर न.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | कृष्णनगर न.पा. | रजत प्रताप शाह, नगर प्रमुख | ९८४७५४८५५५ |
| १४ | मायादेवी गा.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | मायादेवी गा.पा. | वलिउद्धीन मुसलमान , अध्यक्ष | ९८४७०५२७०९ |
| १५ | शुद्बोधन गा.पा. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्य | शुद्बोधन गा.पा. | कमलेश शरण चौधरी , अध्यक्ष | ९८६७८२२०३० |
| १६ | डिभिजन वन कार्यालय | आपत्कालीन आश्रय स्थलका लागि काठको व्यवस्थापन | संपूर्ण जिल्ला | ईश्वरी पौडेल | ९८५७०५१०१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | शिक्षा विकास तथा समन्वय ईकाइ | शिक्षा | जिल्लाभित्र | थानेश्वर घिमिरे | ९८५७०५१६२५ |
| १८ | कृषि ज्ञान केन्द्र | कृषि तथा जिविकोपार्जन | जिल्लाभित्र | भाष्कर पौडेल | ९८५७०५३०६४ |
| १९ | जिल्ला स्वास्थ्य कार्यालय | स्वास्थ्य तथा पोषण | जिल्लाभित्र | नारायण चौधरी | ९८५७०५३७०६ |
| २० | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | पशु विकास | जिल्लाभित्र | डा परवेश आलम | ९८५७०५२०२१ |
| २१ | सिंचाई विकास डिभिजन कार्यालय | सिंचाई | जिल्लाभित्र | पुरुषोत्तम प्र. उपाध्याय | ९८५७०५१३५१ |
| २२ | खानेपानी संस्थान | खानेपानी तथा सरसफाइ | जिल्ला भित्र | अजय कुमार साह | ९८५७०५२५३५ |
| २३ | नेपाल रेडक्रस सोसाइटी | गैह्खाद्य सामाग्री सहयोग, अस्थायी आश्रय स्थल निर्माण | जिल्ला भित्र | केशव सिंह | ०७६ ५६००१५ |
| २४ | यू.एम.एन. | जिविकोपार्जन, शिक्षा, स्वास्थ्य, प्रकोप जोखिम न्यूनीकरण, शुशासन | यशोधरा तथा मायांदेवी गा.पा. | रुप कुमार बि.क., क्लष्टर टिम लिडर | ९८५११४०६२६ |
| २५ | युनिसेफ | बालबालिका | जिल्लाभित्र | प्रकाश कैनी | ९८५१०१४८०८ |
| २६ | यूएनएफपिए | महिला तथा किशोर किशोरी | जिल्लाभित्र | संजय शर्मा | ९८०२०४१४०० |
| २७ | पत्रकार महासंघ | सूचना तथा संचार | जिल्लाभित्र | किरणमान बज्रचार्य | ९८४७०६१६९७ |
| २८ | गै.स.स. महासंघ | सूचना तथा सञ्चार | जिल्लाभित्र | प्रवीन श्रीवास्तव | ९८५७०५०४०८ |
| २९ | इन्द्रेणी | सामाजिक विकास | जिल्लाभित्र | प्रदिप शाह | ९८५७०२१२३३ |
| ३० | कालिका स्वा. सा.केन्द्र | प्रकोप जोखिम न्यूनिकरण | जिल्लाभित्र | अर्जुन थापा मगर | ९८५१२५८३३६ |
| ३१ | सिद्धार्थ सा.वि.के. | सामाजिक विकास | जिल्लाभित्र | तेज आचार्य | ९८५७०५०७०७ |
| ३२ | माहुरी होम | सामाजिक विकास | जिल्लाभित्र | रविन्द्र नाथ ठाकुर | ९८५७०२२०३८ |
| ३३ | सहज नेपाल | मानव अधिकार | जिल्लाभित्र | सीबी गहतराज | ९८५७०५०७८४ |
| ३४ | माउण्ट एभरेष्ट | सामाजिक विकास | जिल्लाभित्र | सरोज खनाल | ९८४७०४८८१५ |
| ३५ | आइएनएफ | सामाजिक विकास | जिल्लाभित्र | मिना महतो | ९८६७४७८८६८ |
| ३६ | सनशाइन सा.वि.के | सामाजिक विकास | जिल्लाभित्र | सम्भु हरिजन | ९८१७५१६७७४ |
| ३७ | दलित सामाजिक | संचार तथा वालवालिका | जिल्लाभित्र | रामशरन रैदाश | ९८५७०५११५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास केन्द्र | | | | |
| ३८ | कपिलवस्तु संस्थागत विकास संस्था | सामाजिक विकास | जिल्लाभित्र | विश्वराज रेग्मी | ९८४७०५२५८४ |
| ३९ | KIDS | सामाजिक विकास | जिल्लाभित्र | कृष्णकुमार द्विवेदी | ९८५७०५१२५१ |
| ४० | LIDO | सामाजिक विकास | जिल्लाभित्र | सुनीता बेल्वासे | ९८५७०५०८४८ |

## २. क्षेत्रगत क्लस्टरका आधारमा नेतृत्व, विश्लेषण र योजना

### २.१ खोज तथा उद्धार, समन्वय र सूचना

**नेतृत्व प्रदान गर्ने निकाय:** जिल्ला प्रशासन कार्यालय

**सह नेतृत्व गर्ने निकाय:** सुरक्षा निकाय, रेडक्रस सोसाईटी

**विपद् सम्बन्धी परिस्थिति:** सम्भावित मानवीय तथा भौतिक असर

**सार्वजनिक पूर्वाधारहरू** (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार) आंशिक तथा पूर्ण रूपमा क्षति ।

- आवास तथा व्यक्तिगत सम्पत्ति आंशिक तथा पूर्ण रूपमा क्षति, बाल-वालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि प्रभावितहरूको चाप बढ्ने ।
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी समस्याहरू आउन सक्ने ।
- विस्थापित परिवारहरूलाई अस्थायी आवास सम्बन्धी सहयोग आवश्यक हुने ।

**समष्टिगत उद्देश्य**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक-खोजी तथा उद्धारसम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी गर्न ।
- तीन वटा (कसले, के, कहिले) ढाँचाको विकास र जिल्ला विपद् व्यवस्थापन समितिमा सूचनाको व्यवस्थापन र प्रतिकार्य प्रणालीलाई सहज बनाउनका लागि कार्यक्रमको निर्धारण गर्न ।

**मानवीय सहयोगका मापदण्ड**

- विपद्को लगत्तै उपकरण सहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रारम्भिक प्रतिवेदनका बारेमा जानकारी गराउने र प्रारम्भिक द्रुत लेखाजोखाका लागि टोली परिचालन गर्ने ।

- सबै सुविधाबाट एकदमै बञ्चित समुह/जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्दार सामग्रीको वितरण तथा सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेश गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फारम सहितको)
- २४ घण्टाभित्र प्रेस विज्ञप्ति जारी गर्ने सूचना प्रकाशन प्रसारण गर्ने सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।

**विद्यमान श्रोत तथा क्षमता**

नेपाली सेना, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल तथा अन्य निकायसँग रहेको सामग्रीहरुको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

**खोजी तथा उद्धारक्षेत्रको प्रतिकार्य योजनाः आपतकालिन परिस्थितिको अवधिमा**

| **सहयोग गतिविधि (के)** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| सहयोग सम्बन्धी गतिविधि (तत्कालका लागि ०-३० दिनसम्म) | | |
| क. विपद्को जानकारी दिने | स्थानीय तह | ० देखि २ घण्टा भित्र |
| ख. विपद् सम्बन्धी प्रतिकार्यको निर्देशन दिने | जिल्ला विपद् व्य. समिति र स्थानीय तह | ० देखि १० घण्टा भित्र |
| ग. खोज तथा उद्धारको लागि तत्काल निर्देशन दिने र सुरक्षा निकाय परिचालन गर्ने | जिल्ला र स्थानीय विपद् व्य. समित, सुरक्षा | २४ घण्टा भित्र |
| घ. विद्युतिय संचारका सबै माध्यमहरुमा एकैपटक स्वतः आपतकालिन सन्देश आउनेप्रणाली स्थापना गरि संचालनमा ल्याउने | जिल्ला र स्थानीय विपद् व्य. समित | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| ख. जिल्ला विपद् व्य. समिति र स्थानीय तह<br>ग. जिल्ला र स्थानीय विपद् व्य. समित, सुरक्षा निकाय | जिल्ला र स्थानीय विपद् व्य. समित | २४ घण्टाभित्र |

| | | |
|---|---|---|
| क. विपद्को घटना र प्रभावित क्षेत्रको प्ररम्भिक विवरण तयार गरि सुचना प्रवाह गर्ने<br>ख. विपद् व्यवस्थापन समितिको बैठक राखे<br>ग. जनतालाई सचेत गराउन रेडियो टेलिभिजन, एस.एम.एस. का माध्यमबाट पुर्व चेतावनी, आपतकालिन चेतावनी, भए गरेको उद्धारको प्रयासहरु तथा सार्वजनित अव्हान विषयक सुचना प्रवाह गर्ने । | जिल्ला प्रशासन कार्यालय | पहिलो / दोश्रो दिन |
| **सहयोग सम्बन्धी गतिविधि: अन्तरीम अवधिका लागि (३०-९०) दिन** | | |
| क्षेत्रगत **(Cluster)** समन्वय बैठक | | |
| क. DDMC बैठक, विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | DDMC | हप्तामा एकपल्ट |
| परिस्थितिसम्बन्धी प्रतिवेदनलाई अद्यावधिक पार्ने | DDMC | हप्तामा एकपल्ट |
| मानवीय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने | DDMC | पहिलो हप्ता |
| मानवीय सहयोगका बारेमा अनुगमन | DDMC | हप्तामा एकपल्ट |

**आपतकालिन परिस्थितिको पूर्वतयारी गतिविधिः संकटकालीन परिस्थिति भन्दा पहिले**

| पूर्व-तयारीसम्बन्धी गतिविधि के ? | जिम्मेवार निकाय को? | कहिले ? समय अवधि |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा सम्भावित विपदबाट बच्नका लागि गर्न सकिने सम्झौतामा समझदारी गर्ने ।<br>क. समन्वय बैठक (आपतकालिन परिस्थिति भन्दा पहिले) आपत्काल अवधिमा जिल्ला प्रशासनले आपतकालपछि<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना सहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | DDMC को समन्वयमा क्लस्टर तथा सदस्य<br>क. जिल्ला प्रशासन कार्यालय तथा DDMC<br>ख. DDMC | आगलागी भए फाल्गुनमा, बाढी भए जेठ र भुकम्पका लागि जुनसुकै बेला पनि<br>क. विपद्को जुनसुकै समयमा<br>ख. फाल्गुण महिनामा जिम्मेवारी बाँडफाँट गर्ने |

| | | |
|---|---|---|
| प्रत्येक स्थानीय तहले विपदमा सहयोग गर्नसक्ने सहयोगी निकायको पहिचान विपद् अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको विपद् लेखाजोखा मार्गदर्शन, २०७२ को आधारमा तथ्यांक संकलन गर्नुपर्ने<br>राहत सहयोग वितरण गर्दा एकद्वार प्रणाली मार्फत वितरण गर्नु उपयुक्त हुने र सबै सूचनाहरू जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई उपलब्ध गराउनुपर्ने<br>जोखिमयुक्त सडक खण्डका खोलाहरूमा बर्षातको समयमा डोरीबाट भएपनि मानिस वारपारको व्यवस्था मिलाउनुपर्ने (सडकको दुवै तर्फ पोल गाडी डोरी टाँग्ने)<br>कृत्रिम घटना अभ्यास गर्ने | DDMC<br><br>स्थानीय तह र DDMC | समीक्षा बैठक अवधीमा चैत मसान्तसम्म<br><br>जेठ मसान्तसम्म<br>असार<br><br>जेठ |
| विपदमा प्रयोग हुने औजार तथा खाद्य सामाग्रीको अध्यावधिक गर्ने<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामावली तयार गर्ने<br>ग. सबै स्थानीय तहमा कुन विपद् कहाँ कहाँ जान सक्छ ? आधाररेखा सम्बन्धी जानकारी, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. जानकारी सङ्कलन सम्बन्धी औजार प्रयोग गर्ने बारेमा प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | स्थानीय तह र DDMC | बैशाख मसान्तसम्म |
| विपद् पर्नसक्ने स्थानीय तहसंग सम्बन्धित क्षेत्रगत जानकारी | DDMC | चैत्र सम्म |
| उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>सम्भावित आपतकालिन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्युनतम मौज्दात<br>विभिन्न निकायहरूसंग उपलब्ध मौज्दात संकलन गर्ने<br>अपुग सामग्रीको पहिचान गर्ने | स्थानीय तह र DDMC | जेठ मसान्तसम्म<br><br>आषाढको पहिलो हप्ता |

**खोजी तथा उद्धारकोलागि थप आवश्यक पर्ने बजेट**

| क सं | आवश्यक सामग्री | ईकाई | परिमाण | दर | बजेट |
|---|---|---|---|---|---|
| १ | लाइफज्याकेट | वटा | ३० | ३००० | ९०००० |
| २ | डोरी मोटो | मिटर | ५०० | ५० | २५००० |
| ३ | टयुब् | वटा | ५० | ५०० | २५००० |
| ४ | टर्च लाइट | वटा | ५० | १०० | ५००० |
| ५ | रेनकोट | वटा | ५० | १००० | ५०००० |
| ६ | क्याराभ्यान हुक | थान | ३०० | २०० | ६०००० |
| ७ | स्ट्रेचर | थान | २० | १५०० | ३०००० |
| ८ | बेल्चा | थान | ५० | १७५ | ८७५० |
| ९ | कोदालो | थान | ५० | २०० | १०००० |
| १० | बन्चरो | थान | १० | १७५ | १७५० |
| ११ | हेलमेट | थान | ५० | ४०० | २०००० |
| १२ | खुकुरी | थान | १० | २०० | २००० |
| १३ | प्राथमिक उपचार बक्स | थान | २५ | ५०० | १२५०० |
| १४ | वाइनाकुलर | थान | १० | १००० | १०००० |
| १५ | खोज तथा उद्वार तालिम | जना | ५० | ५००० | २५०००० |
| | जम्मा | | | | ६००००० |

## २.२ आवास तथा गैर खाद्य सामग्री

**नेतृत्व प्रदान गर्ने निकाय:**

**सह नेतृत्व गर्ने निकाय:** नेपाल रेडक्रस सोसाईटी, उद्योग बाणिज्य संघ र सम्बन्धित संस्था

**विपद् सम्बन्धी परिस्थिति:** विपद्को सम्भावित मानवीय असर

- विपद्का बेला आश्रित तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीवनमा कष्टपुर्ण रहेको हुन्छ र प्रभावितहरू खुल्ला आकाशमुनि बस्नु परेको अवस्था श्रृजना हुन सक्छ ।

- बाँच्नकै लागि आवश्यक पर्ने न्युनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई प्रभावित परिवारहरूले ज्यादै कठिनाई भोग्नु परिरहेको हुन सक्छ ।

**समष्टिगत उद्देश्य**

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकतामा व्यक्ति तथा परिवारको पहुँच सुनिश्चित गरी यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म निर्भरता तथा आफ्नै व्यवस्थापनलाई समावेश गर्ने ।
- विपद्का कारणले घरबारविहीन बनेका मानिसहरूका निमित्त तत्काल अस्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तरमा सुधार ल्याउने ।
- विपद् प्रभावितहरूको जीवन रक्षाका लागि यथाशिघ्र गैरखाद्य सामाग्रीहरू उपलब्ध गराउने ।

**विशिष्ट उद्देश्य**

- प्रतिकूल मौसमका असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावित मानिसहरूसंग छानो भएका पर्याप्त ठाउँ हुने ।
- संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसंग पर्याप्त कम्बल एवं लुगाको व्यवस्थापन हुनेछ ।
- घरायसी भाँडा—कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानवीय सहयोगसम्बन्धी मापदण्ड**

- औसतमा एक व्यक्तिका लागि ४.५—४.५ वर्ग मिटरको छानो भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्ष सम्मकाबालबालिकाहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाई सम्बन्धी सामग्रीको आपुर्ति भएको ।
- मानिसहरूसंग उपयुक्त घरायसी सामग्रीहरू एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ, जुन जमिन सुरक्षित तथा स्फेयर मापदण्ड अनुसार हुनुपर्दछ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसंग अग्रिम रूपमा नै स्थानीय तह तथा सम्वन्धित निकायहरूसंग समझदारी पत्र मा दस्तखत भएको हुनु पर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनु पर्दछ ।

- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसंगको परामर्शमा शिविरको स्थापना ।

**आपतकालिन आश्रय, आवास तथा गैर खाद्य क्षेत्रको प्रतिकार्य योजनाः आपतकालिन परिस्थितिको अवधिमा**

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कस्ले) | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि (०—९० दिनसम्म)** | | |
| विपद् प्रवाहको सूचना स्थानीय स्वयंसेवकवाट संकलन गर्ने | डिडिएमसी,नेरेसोका ईकाइ, स्थानीय तह, नेपाल प्रहरी | पहिलो दिन |
| आवास क्षेत्रको आकस्मिक वैठकको आयोजना | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो दिन |
| विपद् प्रतिकार्य समूहलाई संचार गर्ने | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | दोस्रो दिन |
| द्रुत लेखाजोखाबाट आएका सूचनालाई बिश्लेषण गरी आवास क्षेत्रको आकस्मिक प्रतिकार्य योजना सक्रिय बनाउने | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | दोस्रो दिन |
| द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना संकलन | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो हप्ता |
| प्रभाबित स्थलको सूचना विश्लेषण गरी सहायता परिचालन गर्ने | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो हप्ता |
| विपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा भाँडाबर्तनको व्यवस्थापन गर्ने । | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो हप्ता |
| अस्थायी आवास तथा गैर खाद्य सामाग्रीको आवश्यकता पहिचान गर्न सर्वेक्षण गर्ने टोली खटाउने । | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | दोस्रो हप्ता |
| कम खर्चमा बनाउन सकिने नमुना घर निर्माण | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | |
| गैरखाद्य सामग्री वितरण कार्य निरन्तरता | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो महिना |

| | | |
|---|---|---|
| गैरखाद्य सामाग्री वितरण तथा प्रयोगको सुनिश्चितताको लागि अनुगमन | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो महिना |
| जिल्लास्थित सरोकारवाला निकाय एवं क्षेत्रगत सदस्यको समन्वय तथा पाठ सिकाई कार्यशाला बैठकको आयोजना | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | दोस्रो महिना |
| सुरक्षित स्थान पहिचान भएका स्थानमा अस्थायी आवासका लागी प्राविधिक अध्यायन र शिबिर व्यवस्थापन | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | तेस्रो हप्ता |
| शिबिर ब्यवस्थापनका लागी अन्तर निकायगत क्षेत्रको समन्वय | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | पहिलो हप्ता देखी निरन्तर |

**आपतकालिन परिस्थितिको पूर्वतयारी गतिविधि: आपतकालिन परिस्थिति भन्दा पहिले**

| **क.स** | **पूर्व—तयारीसम्बन्धी गतिविधि (के)** | **जिम्मेवार निकाय (को)** | **कहिले समय अवधि** |
|---|---|---|---|
| १ | क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | चैत्र, बैषाख |
| २ | क्लस्टर अन्तर्गतका संघ-संस्थाहरूमाझ राहत सहयोगका लागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन |
| ३ | विपद्को अवस्थामा गरिने आपत्कालिन आश्रय, बसोवास तथा गैर खाद्य सामाग्री क्षेत्रमा गरिने सहयोग तयारी अवस्थामा राख्ने । | रेडक्रसले अन्य निकायको सहयोग लिएर | जहिलेसुकै |
| ४ | स्रोत संकलन तथा संघ—संस्थाबाट हुने सहयोग | स्थानीय तह क्लष्टर सदस्य, रेडक्रस | जेठसम्म |
| ५ | आवास क्षेत्रको आकस्मिक प्रतिकार्य तयारी योजना अध्यावधिक गर्ने । | रेडक्रस, स्थानीय तह क्लष्टर सदस्य | जेठसम्म |

## २.३ स्वास्थ्य तथा पोषण

**नेतृत्व प्रदान गर्ने निकाय** स्वास्थ्य कार्यालय/स्थानीय तहका स्वास्थ्य शाखा

**सह नेतृत्व गर्ने निकाय** : विश्व स्वास्थ्य संगठन, युनिसेफ

**विपद् सम्बन्धी परिस्थिति** : प्रकोपका सम्भावित मानवीय असर-स्वास्थ्य र पोषण):

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखाला सम्बन्धी रोग, लु (Heat wave), बाढि( Flood) शितलहर (Cold wave),गम्भीर श्वास-प्रश्वाससम्बन्धी संक्रमण जस्तै ईन्फ्लुन्जा, इन्सेफ्लाइटिस, जन्डिस, टाइफाइड र एभियुन इन्फ्लुएन्जा, आँखा तथा छालाका रोग, रोगजस्ता सङ्क्रामक रोगहरूको संक्रमणमा वृद्धि ।
- एचआईभी/एड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि ।

- नियमित औषधी सेवनकर्ताहरूको औषधी छुट्ने क्षयरोग, कुष्ठरोग, एच.आई.भी. आदि) ।
- स्वास्थ्य संस्था तथा क्लिनिकहरू नष्टता अथवा पहुँचमा कठिनाइ ।
- औषधी उपचारका उपकरण तथा औषधीको हानी-नोक्सानी ।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षित प्रसुति सेवा प्रभावित ।
- परिवार नियोजनको साधनको उपलब्ध तथा किशोर किशोरी लक्षित सेवाहरु उपलब्ध नहुने ।
- नवजात शिशु तथा सुत्केरी र गर्भवतीहरू स्वास्थ्य जाँचदेखि बन्चित ।
- घर परिवार विस्थापित भई अस्थायी आश्रय मा वस्न बाध्य भएको अवस्थामा सुरक्षित खानेपानी को अभाव हुनसक्ने, बालबालिकामा मध्यम शिघ्र कुपोषण ( Moderate Acute Malnourished) को अबस्था आउन सक्ने ।
- नियमित सेवाहरू (गाँउघर क्लिनिक र खोपका कार्यक्रमहरू) मा अवरूद्धता ।
- सञ्चार सेवा अवरुद्ध हुँदा तुरुन्त स्वास्थ्यकर्मीको सम्पर्कमा आउन कठिनाइ ।
- सुरक्षित रक्त सञ्चार प्रणालीमा अवरोध ।
- तत्कालै स्वास्थ्य संस्थासम्म पुग्नमा अवरोध (एम्बुलेन्स, स्ट्रेचर, पैदल आदि) ।
- खाद्य सामग्रीको अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, झाडा पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त पोषण कार्यक्रममा अवरोध ।
- पोषण पुनर्स्थापन कार्यमा अवरोध ।
- स्वच्छ र सुरक्षित पिउने पानीको अभाव ।
- विपद्को कारणले मानसिक स्वास्थ्य सम्बन्धी समस्यामा वृद्धि ।

**समष्टिगत उद्देश्य**:

जस्तोसुकै आपतकालिन अवस्था परे तापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human Survival and Well-being) खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पुरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य स्वास्थ्यः**

- विपद तथा महामारीको रोकथाम, नियन्त्रण र उपचारमा स्वास्थ्य कार्यालय, स्थानीय तहहरू, अस्पतालहरूलाई आवश्यक प्राविधिक, भौतिक तथा जनशक्तिमा सहयोग गर्ने । यसका साथै प्रभावित व्यक्तिहरुलाई आवश्यकता अनुसार मेडिकल, मनोसामाजिक सहयोग तथा परामर्श सेवा प्रदान गर्न सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Initial Rapid Assessment) स्वास्थ्य तथा पोषण सेवाहरूको अवस्थालाई सुदृढ पार्ने ।

रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने । आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र को विकास गर्न स्वास्थ्य कार्यालय तथा स्थानीय तहहरूलाई सहयोग पुर्‍याउने पर्याप्त आपतकालिन आपूर्ति र मानव श्रोत लगायतका विषयमा सीप र क्षमता अभिवृद्धिका लागि अस्पताल अन्य निकायहरूले स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

- सुरक्षित मातृत्व तथा परिवार नियोजनका सेवाहरू सुरक्षित प्रसुति, गर्भावस्था तथा सुत्केरी अवस्थाको सेवा, आकस्मिक परिवार नियोजन सेवा) प्रदान गर्ने । विस्थापित मानिसहरूका लागि पुरक खाना खुवाउने कार्यक्रम को पहुँचमा ल्याउने ।
- गम्भीर कुपोषणको उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न सहयोग गर्ने
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन आमाको दुध प्रतिस्थापन अनुगमन समितिलाई मद्दत गर्ने ।
- गर्भवती तथा दुध खुवाउने महिला एवं पाँच वर्षमुनिका बालबालिकाहरूमा गम्भिर कुपोषणको वृद्धिलाई रोकथाम गर्न कपिलवस्तु अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, र स्वास्थ्य कार्यालय तथा स्थानीय तहहरूलाई सहयोग गर्ने ।
- भिटामिन 'ए' को वितरण, जुकाको औषधी तथा प्रभावित बालबालिकाहरूका लागि खोपसम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका लागि स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

**जिल्लामा रहेको सरोकारवालासँग विपद्को समयमा प्रतिकार्यको लागि उपलब्ध साधन श्रोत तथा जिम्मेवारीको मापन**

| स्थानीय तह तथा निकायको | सेवा प्रादायक संस्था | | | उपलब्ध जनशक्ति | | | औषधि तथा उपकरण | सवारी साधन | जिम्मेवारी | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अस्पताल | प्रा. स्वा. के. | हे.पो., आधारभूत नगर स्वा.के. | चिकित्सक | नर्स | पारामेडीकस | | एम्बुलेन्स, सब बाहन र मोटरसाइकल | अन्तर निकाय समन्वय सेवा प्रदान Epidemiological Investigation and Verification | |
| कपिलवस्तु अस्पताल | १ | | | २४ | २४ | ९ | भएको | एम्बुलेन्स-१, गाडी-१, मो.सा-१, | सेवा प्रदान (बेड-५०, आई.सी.यु-१०), OCMC functioning, OTC functioning | डा.किशोर बन्जाडे ९८५१०३३०५३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आयुर्वेद स्वास्थ्य कार्यालय | १ | | | ३ | | ७ | भएको | मो.सा.२ | सेवा प्रदान (opd,lab,panchakarma) नागरिक आरोग्य अभियान सन्चालन तथा कार्यक्रम सन्चालन विभिन्न तहमा समन्वय | डा नलिन नाथ तिवारी ९८५७०५३८७४ |
| कपिलवस्तु नगरपालिका | ० | ० | १३ | ० | २४ | ३० | भएको | दमकल-२, गाडी-२, मो.सा-२८ | स्वास्थ्य सेवा प्रदान जन स्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | उमेश गुप्ता ९८५७०५१५४५ |
| बाणगंगा नगरपालिका | १ | ० | ११ | २ | २७ | ४३ | भएको | एम्बुलेन्स-१, मो.सा-१, अन्य साधन-२ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | ठगराज पौडेल ९८५७०५१५४७ |
| बुद्धभूमि नगरपालिका | ० | ० | ११ | | २२ | ३६ | भएको | एम्बुलेन्स-२, मो.सा-१२, गाडी-२ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | विष्णुदेव खनाल ९८५७०३८९५९ |
| शिवराज नगरपालिका | १ | ० | ११ | २ | २५ | ४२ | भएको | गाडी-२, एम्बुलेन्स-४ दमकल -१ मो.सा-१२ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | चुडामणि भट्टराई ९८५११८०७७८ |
| महाराजगंज नगरपालिका | ० | १ | १० | ० | २४ | ३३ | भएको | मो.सा-१, एम्बुलेन्स-२ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | राधेश्याम कलवार ९८४७२७७२९८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृष्णनगर नगरपालिका | १ | ० | ९ | २ | २६ | ४० | भएको | एम्बुलेन्स-१, गाडी-१, मो.सा-६ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | शंकर भट्टराई ९८४९२९५८८ |
| विजयनगर गाउँपालिका | ० | ० | ७ | ० | १० | २२ | भएको | एम्बुलेन्स-१, गाडी-१, मो.सा-३ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | यज्ञ अधिकारी ९८४७० ३५९०१ |
| यशोधारा गाउँपालिका | १ | ० | ८ | १ | २९ | २९ | भएको | एम्बुलेन्स-१, स्कुटर-२, मो.सा-३० स्कारपीयो १ | स्वास्थ्य सेवा प्रदान स्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | बिरेन्द्र कुमार मिश्र ९८५६०३९३६० |
| मायादेवी गाउँपालिका | ० | १ | ८ | १ | १५ | ३७ | भएको | एम्बुलेन्स-८, मो.सा-२५ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | महेन्द्र यादव ९८४७२०४७२५ |
| शुद्धोदन गाउँपालिका | ० | ० | ७ | ० | १२ | ३९ | भएको | गाडी-१, पिकअप-१, एम्बुलेन्स-२, मो.सा-५ | स्वास्थ्य सेवा प्रदान जनस्वास्थ्यका अभियान तथा कार्यक्रमहरु संचालन विभिन्न तहमा समन्वय | अस्फाक अ खान ९८११४६४४५४ |

**मानवीय सहयोग सम्बन्धी न्युनतम मापदण्ड तथा स्फेयर मापदण्ड**

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health surveillance) शुरु गरिनेछ ।
- समुदायको तहमा रोग तथा चोट–पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट प्राथमिक्ता निर्धारण गरी, स्वास्थ्य संस्थाहरूमा प्राथमिक तथा सामान्य उपचार गरी गम्भीर बिमारीहरूलाई सिफारिस गरिएका विरामीहरुको उपचार मा पठाई आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिस गरी पठाइने केन्द्रहरू मा पुग्नका निम्ती विरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

**आपतकालीन परिस्थितिको पुर्वातयारी सम्बन्धि गतिविधः (विपद् भन्दा पहले)**

| क्र स | क्रियाकलाप | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | चौमासिक रुपमा कलस्टर सदस्यहरु तथा आमन्त्रित सदस्यहरु संग समन्वयात्मक वैठक | स्वास्थ्य कार्यालय तथा साझेदार निकाय | साझेदार निकायहरुले पालैपालो बैठकको आयोजना गर्ने |
| २ | मौसम अनुसारको संभावित विपद् आंकलन गरी सो को लागि आवश्यक पर्ने औषधी तथा मालसामानको वफर स्टक तयारी अवस्थामा राख्ने | स्वास्थ्य कार्यालय, स्थानीय तहहरु, साझेदार निकायहरु | चौमासिक बैठकहरुमा छलफल गर्ने |
| ३ | DRRT तथा स्थानीय तहका RRT हरुको क्षमता अभिवृद्धि गर्ने । | स्वास्थ्य कार्यालय, स्थानीय तहहरु, साझेदार निकायहरु | वार्षिक रुपमा वा आवश्यकता अनुसार |
| ४ | स्वास्थ्य शिक्षा सुचना तथा संचार सम्बन्धि सामग्रीहरु तयारी अवस्थामा राख्ने | स्वास्थ्य कार्यालय, स्थानीय तहहरु, साझेदार निकायहरु | निरन्तर |

**आपतकालीन सहयोग सम्बन्धि गतिविधः आपतकालिन परिस्थितिको अवधिमा**

| क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिले सम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि — तत्कालका लागि (०–३० दिनसम्म)** | | |
| १. विपद्को पहिचान गरी प्रतिकार्यको लागि अन्तरनिकाय समन्वय स्थापित गर्ने<br>१.१ जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी कुनै पनि घटना वा परिस्थिति विपद् भए नभएको एकिन गर्ने<br>१.२ जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि विपद् अवधिमा सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग आपतकालिन बैठक बस्ने ।<br>१.३ जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने ।<br>१.४ DRRT र पालिका स्तरीय RRT लाई परिचालन गर्ने साथै आवश्यक प्राथमिक उपचारका औषधी उपकरण र एम्बुलेन्स लिई घटनास्थलमा पुगि सेवा उपलब्ध गराउन | स्वा.का., युएनएफपिए, युनिसेफ, WHO, UMN, HKI , FAIRMED FOUNDATION, HERD International, WHH, कालिका, KIDS, DSDC | क) विपद् शुरू भएपछि २४ घण्टाभित्र<br>ख) पहिलो सात दिनसम्म एकदिन बिराएर<br>ग) दोस्रो हसापछि हप्तामा एकपटक |

| | | |
|---|---|---|
| २. परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने<br>२.१ पहिलो प्रतिवेदन ।<br>२.२ अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>२.३ २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमबाट स्वास्थ्य सूचना प्रशारण गर्ने ।<br>२.४ जिल्ला आपतकालिनकार्य संचालन केन्द्रसँग समन्वय गर्ने । | स्वा.का., युएनएफपिए, युनिसेफ, WHO, UMN, HKI, FAIRMED FOUNDATION, HERD International, WHH, कालिका, KIDS, DSDC | ४८–७२ घण्टाभित्र पहिलो प्रतिवेदन र पहिलो सात दिनमा हरेक २४ घण्टामा र दोस्रो हप्तादेखि एक दिन बिराएर |
| ३. प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखा (Base line) का तथ्याङ्कको समीक्षा गर्ने<br>क. प्रारम्भिक सुचना संकलन गर्ने ।<br>ख. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित न.पा./गा.पा. सँग सम्बन्धित उपलब्ध तथ्याङ्क / जानकारीको समीक्षा गर्ने ।<br>ग. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>घ. जिल्लामा उपलब्ध उद्दार सेवा÷क्षमता÷उद्दार सामग्रीको समीक्षा गर्ने | स्वा.का., युएनएफपिए, युनिसेफ, WHO, UMN, HKI, FAIRMED FOUNDATION, HERD International, कालिका, KIDS, DSDC | पहिलो दिनदेखि नै लगातार रुपमा (७२ घण्टाभित्र)<br>नियमित रुपमा |
| ४. प्रतिकार्यको प्राथमिकता निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।<br>४.१ तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताक्रम निर्धारण गर्ने ।<br>४.२ उपयुक्त कामका लागि सम्बन्धित क्षेत्र ९ऋगिकतभच० लाई सल्लाह दिने ।<br>४.३ प्रभावित स्थानमा अत्यावश्यक औषधीको आपूर्ति व्यवस्था गर्ने ।<br>४.४ प्रभावित स्थानमा अस्थाइ स्वास्थ्य शिविर खडा गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>४.५ Minimum Initial Service Package (MISP) लाई कार्यान्वयनमा ल्याउने,<br>४.६ आपतकालिनप्रजनन् सामग्री वितरण (Emergency RH kit) स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउने<br>४.७ मनोविमर्श सेवा तथा मनोसामाजिक प्राथिमक उपचार (Psychosocial First Aid-PFA) सेवा प्रदान गर्ने ।<br>४.८ सम्भावित महामारी रोगको रोकथाम र नियन्त्रण गर्नआवश्यक क्रियाकलापहरुको पहिचान गरी सम्बन्धित निकायले कार्यान्वयनमा ल्याउने।<br>४.९ स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा क्षति पुगि प्रसूति सेवा अवरुद्द भएको अवस्थामाप्रसुति सेवाको लागि टेन्ट सहित Maternity Unit स्थापना गरि सेवा सञ्चालन गर्ने । | स्वा.का., युएनएफपिए, युनिसेफ, WHO, UMN, HKI, FAIRMED FOUNDATION, HERD International, कालिका, KIDS, DSDC | ४–४ दिनभित्र एक हप्ताभित्र शिविर कहाँ राख्ने भन्नेबारे ठाउँको पहिचान र दर्ता गर्ने कार्य ।<br>शुन्य घण्टादेखि नै प्राथमिकता सहित तुरुन्तै शुरू गर्नुपर्दछ ।<br>निरन्तर |

| | | |
|---|---|---|
| ४.१० स्वास्थ्य शिक्षा सम्बन्धी सूचना प्रवाह गर्ने तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने । | | |
| ५. अनुगमन तथा मुल्याङ्कन<br>५.१ स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना कार्यान्वयनको समीक्षा गर्ने । | स्वा.का., युएनएफपिए, युनिसेफ, WHO, UMN, HKI, FAIRMED FOUNDATION, HERD International, WHH, KIDS, DSDC | ७ दिनभित्र |
| ५.२ मानवीय सहयोगका लागि (यदि छन् भने) प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका सम्झौताहरूलाई सक्रिय पार्ने । | स्वा. कार्यालय | ७–१० दिन |
| ५.३ मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निम्ती टोली खटाउने । | स्वा. कार्यालय | एक हप्ता — निरन्तर जारी |
| ६. **सहयोगसम्बन्धी गतिविधि — अन्तरिम अवधिका लागि (३०–९०) दिन** | | |
| ६.१ अन्तर क्षेत्रगत समन्वय बैठक (स्वास्थ्य तथा पोषण, खानेपानी, आवास,कृषि,संरक्षण) | स्वा. कार्यालय | हप्तामा एक पटक |
| ६.२ बिषयक्षेत्रको विस्तृत लेखाजोखा (CSDA) सञ्चालन गर्ने (स्वास्थ्य तथा पोषण) | स्वा. कार्यालय | १५-४५ दिन |
| ६.३ स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण (स्वास्थ्य तथा पोषण) | स्वा. कार्यालय | ४-४ हप्ता |
| ६.४ परिस्थिति सम्बन्धी सङ्कलित र निर्मित प्रतिवेदनलाई अद्यावधिक पार्ने | स्वा. कार्यालय | हप्तामा १ पटक |
| ६.५ मानवीय सहयोगको अनुगमन | स्वा. कार्यालय | निरन्तर जारी |
| ७. **सहयोग सम्बन्धी गतिविधि — थप अवधि (९० दिनभन्दा बढी) का लागि** | | |
| ७.१ मानवीय सहयोगको अनुगमन | स्वा.का, स्थानीय स्वास्थ्य ईकाइ | ४ महिनादेखि नियमित |

### आपतकालीन सहयोग सम्बन्धि गतिविध तथा पुर्वतयारीः विपद पश्चात को परिस्थिति

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १. | व्यवस्थापन तथा समन्वय सम्बन्धि व्यवस्था: जिल्लाका क्षेत्रगत (Cluster) साझेदारहरुका बिचमा सम्झौता गर्ने<br>क. समन्वय बैठक (आपतकालीन परिस्थिति भन्दा पहिले परिस्थितिको अवधिमा र त्यसपछि बैठक गर्ने<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धिमा गतिबिधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क निकायहरुको पहिचान।<br>ग. लागू गर्न सकिने साझेदार सम्बन्धी व्यवस्थाको विकास | स्थानीय तह, स्वास्थ्य सेवा शाखा, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| २. | आधार रेखा जानकारी तथा तथ्यांक संकलन गर्ने<br>क. बाढी जानसक्ने न.पा.÷गा.पा. वा सम्बन्धित क्षेत्रगत पहिचान गर्ने<br>ख. जिल्लाका स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूसँगको श्रोतको नक्सांकन गर्ने | स्थानीय तह, स्वास्थ्य सेवा शाखा, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| ३. | क्षमता विकास, महामारी निगरानी, नवजात शिशुलाई विपदको बेलामा खुवाउने पौष्टिक आहार | स्थानीय तह, स्वास्थ्य सेवा शाखा | जेष्ठ मसान्त |
| ४. | उद्धार सामाग्री पहिले नै भण्डारण गरी राख्ने<br>सम्भावित आपतकालिन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको संख्याका आधारमा आवश्यक स्वास्थ्य सामाग्रीको न्युनतम मौजदात<br>विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको नक्साङ्कन गर्ने<br>अपुग सामाग्रीको पहिचान गर्ने ।<br>पुस्तिका, पोस्टर र सूचना, शिक्षा । | स्थानीय तह, स्वास्थ्य सेवा शाखा, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| ५. | पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक | स्थानीय तह, स्वास्थ्य कार्यालय | ४ महिनामा एक पटक |

## २.४ शिक्षा क्षेत्र

**नेतृत्व प्रदान गर्ने निकायः** शिक्षा विकास तथा समन्वय ईकाई

**सह नेतृत्व गर्ने निकायः** युनिसेफ

**विपद् सम्बन्धी परिस्थितिः** प्रकोपका सम्भावित मानवीय असर (शिक्षा)

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको क्षति ।
- शिक्षक/विद्यार्थीहरू हताहत/जनको क्षति ।
- बिद्यार्थीहरुको विद्यालयसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालयको पढाईमा अवरोध ।
- बालबालिका तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रिया माथि प्रभाव पार्छ ।
- बिद्यार्थीहरुको गुणस्तरिय शिक्षण सिकाई उपलब्धिमा ह्रास ।
- बालबालिकाहरुको बिद्यालय छोड्न सक्ने, स्थानान्तरण हुने, बाल श्रम, हिंसा तथा दुब्र्यवहार, बालबिवाह तथा बेचबिखन जस्ता क्रियाकलापहरुको जोखिममा पर्न सक्ने ।
- सुरक्षित बिद्यालय, खानेपानी सरसफाइको पहुँच नहुनु ।
- बालबालिकाहरु महामारीको थप जटिलतामा पर्न सक्ने ।

**उद्देश्य**

- विपद्बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिका तथा शिक्षकलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन संघ प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरोकारवालालाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपतकालिन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समुहका सदस्यका बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने ।
- आपतकालिन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
- आपतकालिन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रसँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।
- प्रकोपको पूर्व तयारी, प्रकोपले पार्ने तत्काल तथा दीर्घकालिन असर तथा समस्याहरुको सम्वोधन तथा समाधान खोजी गर्ने ।

**शिक्षामा मानवीय सहयोग सम्बन्धी न्युनतम मापदण्डः**

- विपद् परेको पहिलो हप्ताभित्र सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा दुरुस्त लेखाजोखा गर्ने ।

- जिल्ला शिक्षा विकास समन्वय ईकाई र स्थानीय क्षेत्रगत सदस्यसंगको समन्वयमा तथा प्रभावित समुदायसंगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाको शिक्षालाई जारी राख्नका लागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- संभव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्युनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्युनतम पुर्वाधार सहित विद्यालय जाने बाल-बालिकाका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएकोछ छैन जानकारी लिने ।
- पीडित बाल-बालिकाका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः नियमित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कूलमा भएको पुराना किताब संकलन गरी सुरक्षित ठाउँमा राख्ने ।
- मनोरञ्जनात्मक एवं रचनात्मक क्रियाकलाप प्रवाह गर्ने ।
- शिक्षकलाई मनोसामाजिक परामर्श तालिम प्रदान गरी बालबालिकामा परामर्श प्रदान गर्ने ।
- शिक्षक प्रोत्साहन गरि छुटेका पाठहरु पुरा गर्ने ।

**बिद्यमान श्रोत तथा क्षमताको सुची**

| क्र.सं. | साझेदारको नाम | शैक्षिक सामग्री | जनशक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई | पाठय सामाग्रीहरु | शिक्षक तथा विद्यालय कर्मचारीहरु, शिक्षक पेशागत संगठनका प्रमुखहरु, स्थानीय तहका शिक्षा हेर्ने अधिकारी, शिवि तथा सइका कर्मचारीहरु, विद्यालय व्यव.स. र शि.अ.संघका पदाधिकारीहरु, बाल क्लब, किशोरी सञ्जाल, स्थानीय यूवा क्लब | जिल्ला भरि |
| २ | युनिसेफ | प्राविधिक सहयोग | विषयगत विज्ञ | जिल्ला भरि |

| | | | | |
|---|---|---|---|---|
| ३ | यू.एम.एन. | अस्थाई सिकाई केन्द्र सिकाई सामाग्रीहरु शिक्षकहरुलाई विपद सम्वन्धि अभिमुखिकरण | विषयगत विज्ञ कर्मचारी तथा स्वयंसेवकहरु | जिल्ला भरि |
| ४ | सनसाईन सामाजिक विकास संस्था | अस्थाई सिकाई केन्द्र सिकाई सामाग्रीहरु | संस्थामा उपलब्ध कर्मचारी तथा स्वयंसेवकहरु | मायादेवी गा.पा. र बुद्धभूमि न.पा. १० |
| ५ | कालिका स्वावलम्बन सामाजिक केन्द्र | सामान्य मनोरञ्जनात्मक शैक्षिक तथा खेलकुद सामाग्री सुरक्षित अस्थाइ सिकाई केन्द्र निर्माणका लागी आवश्यक प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग | संस्थाका सदस्यहरु तथा कर्मचारी | शुद्धोधन, मायादेवी, यशोधरा, विजयनगर र बाणगंगा |
| ६ | दलित सामाजिक विकास केन्द्र | सिकाई सामाग्रीहरु, | २५ जना कर्मचारी तथा स्वयंसेवकहरु सहयोगी निकायको सहकार्यमा | यशोधरा र मायादेवी गा.पा. |
| ७ | लुम्बिनी एकिकृत विकास संस्था (लिडो) | शिक्षण सामग्रीहरु, विद्यार्थीका लागी स्कुल ब्याग तत्कालीन आवश्ययकता अनुसार अन्य सामाग्री पनि सहयोग | संस्थामा उपलब्ध कर्मचारीहरु | कपिलवस्तु जिल्ला भित्रको प्रभावित क्षेत्र |
| ८ | गै.स.स.महासंघ | सबैसंग समन्वयकारी भूमिका निर्वाह गर्ने | | जिल्ला भरि |
| ९ | सिद्धार्थ सामाजिक बिकास केन्द्र | क्षमता विकास, अस्थायी सिकाई केन्द्र, मनोसामाजिक परामर्श, स्वध्ययन सामाग्री वितरण, बैकल्पिक कक्षाको व्यवस्था | कर्मचारीहरु | बाणगंगा, मायादेवी, शिवराज, कृष्णनगर र शुद्धोधन |
| १० | युएनएफपिए | क्षमता विकास, नीतिगत संरचना निर्माणमा सहयोग, किशोरी किट वितरण, मनोसामाजिक परार्मश सेवा, जनचेतना अभिवृद्धि गर्न किशोरकिशोरी परिचालन | कर्मचारीहरु | कपिलवस्तु, शिवराज र शुद्धोधन |
| ११ | नेपाल टेलिकम | सि यु जी सिम कार्ड वितरण | कर्मचारीहरु | जिल्ला भरि |

विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना– विपद्को अवधिमा लागु हुने

| **सहयोग गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| सहयोगसम्बन्धी गतिविधि (०–४० दिनसम्म) | | |
| **जानकारीको संकलनका लागि क्लष्टर समन्वय बैठक** | | |
| आर्थिक तथा मानवीय श्रोतको आपतकालिन व्यवस्था । | शिविसई, स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखा, सहयगी निकाय | पहिलो दिनमै |
| तत्काल शैक्षिक क्षतिको सूचना संकलन गर्ने । | | |
| तत्कालको लागि शिविरमा सुरक्षित स्थानको स्थापना गर्ने | | |
| तत्काल पालिका तथा क्षेत्रमा भएका सूचना केन्दहरुसंग सम्पर्क स्थापना गरी जानकारी संकलन गर्ने । | | |
| **परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने** | | |
| सूचना केन्द्रको स्थापना । | स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखाशिक्षा विकास तथा समन्वय इकाई, सहयोगी निकाय | दोश्रो दिन |
| अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने । | | |
| २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | | |
| **प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने** | | |
| प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागि प्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्क–जानकारीको समीक्षा गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धित, स्थानीय तहकोशिक्षा युवा तथा खेलकुद शाखा, सहयोगी निकाय | दोश्रो र तेस्रो दिन |
| प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थाई रुपमा सुचारु गराउन जिम्मेवारी तोक्ने । | | |

| | | |
|---|---|---|
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखा सहयोगी निकाय | ७ दिनभित्र |
| **विपदबाट बढी जोखिममा रहेका समुहहरू** | | |
| क. अपांग बालबालिकाको पहिचान ।<br>ख. परिवारबाट बिछोडिएका ।<br>ग. आमाबाबु गुमाएका ।<br>घ. मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय सहायताका लागि श्रोत खोजेर सम्झौता गर्ने ।<br>ङ. शिबिरभित्रै बाल सिकाइ कक्षा सञ्चालन गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहकोशिक्षा युवा तथा खेलकुद शाखा | पहिलो हप्ता देखि एक महिनाभित्र |
| **क्षेत्रगत निकायहरुको समन्वय बैठकः** | | |
| सूचना तथा जानकारीको आदानप्रदान, अवस्था विश्लेषण, कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, श्रोतको खोजी तथा व्यवस्थापन | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहकोशिक्षा युवा तथा खेलकुद शाखा | हप्तामा एक पटक |
| **आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ४०—९० दिनसम्म** | | |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण<br>क. प्रस्तावना तयार पार्ने ।<br>ख. ख. दातृ निकायहरुसंग प्रस्तावना सहित श्रोतको माग गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहकोशिक्षा युवा तथा खेलकुद शाखा सहयोगी निकाय | ४—४ हप्ता |
| परिस्थितिसम्बन्धी अद्यावधिक प्रतिवेदनलाई अद्यावधिक पार्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | हप्तामा एक पटक |
| मानवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुननिर्माण गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | दोश्रो तेस्रो महिनामा |
| मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | निरन्तर जारी |
| स्थानीय तहमा रहेका शिक्षा विकास शाखा, श्रोत केन्द्रसँगको समन्वय | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | निरन्तर |

| | | |
|---|---|---|
| विद्यालयलाई अस्थाई आवास बनाएका विपद् प्रभावित क्रमशः घर पठाउने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | दोस्रो हप्ता |
| आवश्यकतानसुार अस्थायी सिकाइ केन्द्र निर्माण गरी शिक्षण कार्य सञ्चालन गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | आबश्यकतानुसार |
| विद्यालयहरुको भौतिक क्षतिको लेखाजोखा कार्यसम्पन्न गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | पाँचौ हप्तासम्म |
| जिल्ला विपद् ब्यवस्थापन समितिको सिफारिसको आधारमा भौतिक क्षति भएका विद्यालयहरुको पुननिर्माण, पाठ्यपुस्तक क्षति भएका विद्यार्थीहरुको पाठ्यपुस्तक खरिद आदिका लागि रकम यकिन गरी प्रदेश सरकारसंग माग गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | पाँचौ हप्तासम्म |

**आपतकालिन परिस्थितिको पूर्वतयारीः आपतकालिन परिस्थिति भन्दा पहिले**

| क्र.सं | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| १ | स्थानीय तहमा क्लष्टर बैठक बसी जिम्मेवारी बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोक्ने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | मंसिरमा |
| २ | आपतकालिनआश्रय पहिचान तथा व्यबस्थापन बैठक | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | पुस |
| ३ | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | माघ |
| ४ | समन्वय, सहकार्य बैठक छलफल | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | चौमासिक रुपमा |
| ५ | विपद् सहायता सामाग्री ब्यवस्थापन | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | बैशाखमा |
| ६ | विद्यालयहरुको आकस्मिक योजना बनाउने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | जेठसम्ममा |
| ७ | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि.ब्य.समितिलाई विद्यालय स्तरीय | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | माघ तथा फागुन महिनामा |

| | | | |
|---|---|---|---|
| | चेतनामुलक  कार्यक्रम गर्ने, गराउने, शिक्षकहरुलाई प्राथमिक उपचार तालिम | | |
| ८ | वैकल्पिक विद्यालय स्थापना र संचालनका लागि आवश्यक सामाग्री तथा श्रोत व्यक्तिहरुको पहिचान गर्ने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | चौमासिक रुपमा |
| ९ | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीय श्रोत र अन्य श्रोत समेतको) को रोष्टर निर्माण गर्ने र सचेत गराउने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | चौमासिक रुपमा |
| १० | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि सुचना सञ्चारका सामागीहरु व्यवस्थापन गर्ने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | चौमासिक रुपमा |
| ११ | स्थानीय संचार माध्यम मार्फत जनचेतनाका गतिबिधि संचालन गर्ने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | निरन्तर |
| १२ | बिद्यालय विपद् सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने | शिविसइ, स्थानीय तह र सहयोगी निकाय | जेठसम्ममा |

**पुनस्थापनाका कार्यहरुः**

| **क सं.** | **कार्यहरु** | **जिम्मेवार निकाय** | **कैफियत** |
|---|---|---|---|
| १ | जनचेतना फैलाउने | स्थानीय तह, सहयोगी निकाय | |
| २ | कक्षा कोठा, शौचालय निर्माण | स्थानीय तह, सहयोगी निकाय | |
| ३ | शैक्षिक सामाग्रीको सुनिश्चितता | स्थानीय तह, सहयोगी निकाय | |
| ४ | मनो सामाजिक परामर्श | स्थानीय तह, सहयोगी निकाय | |
| ५ | सेनिटाइजेसन | स्थानीय तह, सहयोगी निकाय | |
| ६ | बैकल्पिक सिकाइ व्यवस्था | स्थानीय तह, सहयोगी निकाय | |
| ७ | समग्र परिस्थितिको लेखाजोखा गरी भावी रणनीति निर्माण | स्थानीय तह, सहयोगी निकाय | |

## २.५ संरक्षण क्षेत्र

**नेतृत्व प्रदान गर्ने निकाय :** जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

**सह नेतृत्व गर्ने निकायः** स्थानीय तह

**विपद् सम्बन्धी परिस्थितिः**

- मानविय क्षतिको कारणले अनाथहरूको संख्यामा वृद्धि हुनसक्ने ।
- मानिसहरु आन्तरिक रुपमा विस्थापन हुनसक्ने ।
- बालबालिका घाईते हुने तथा परिवार र आफन्तबाट टाडिनु पर्ने ।
- बालबालिका तथा महिला बढ्दो यौन दुरुपयोग र शोषण तथा भेदभावमा पर्न सक्ने
- सम्भावित मानसिक आघात तथा मनोसामाजिक समस्या आउन सक्ने ।
- लैङ्गकितामा आधारित हिंसामा बृद्धि हुनसक्ने ।
- एक बिपद्ले अर्को बिपद् निम्त्याउन सक्ने हुदाँ थप महामारीको जटिलतामा पर्न सक्ने ।
- सामना गर्ने संयन्त्रमा अवरोध आउन सक्ने ।
- मानव बेचविखन, यौनजन्य हिंसाको जोखिममा पर्न सक्ने सम्भावना ।
- अपाङ्ग, बृद्ध तथा एकल महिलाहरुको सुरक्षा तथा संरक्षणमा कमि आउन सक्ने ।
- सामान्य असुरक्षाको वातावरण सृजना हुन सक्ने ।
- केही समुदाय अथवा समूहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।
- खाद्यान्न, कपडा र आधारभूत औषधिको अभाव हुनसक्ने ।
- महामारीको र रोग ब्याधि फैलन सक्ने सम्भावना ।
- आन्तरिक बेचबिखन तथा शोषण बढ्ने सम्भावना ।

**संरक्षण विषयगत क्षेत्रको अवस्थाः**

महामारीको कारणले गर्दा संरक्षण बिषयगतका सेवाहरु प्रभावित भएका छन् भने यस क्षेत्रका सवालहरु पनि समयमा संम्बोधन गर्न सकिएको छैन् । महिला हिसाका घटनाहरुमा वृद्धि हुनु, यातायातका सहज पहुँच नभएको कारणले हिंसा प्रभावितहरुलाई सेवा लिनमा कठिनाई हुनु, ४२ प्रतिशत मानिसहरु कुनै न कुनै मनोसामाजिक समस्या ग्रसित रहन परेको तथ्याङ्क देखिन्छ । जसको कारणले संरक्षण क्षेत्रका लाभान्वतिहरु अन्य सेवाहरु जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्न, र कानुनी सेवाहरुबाट पनि बञ्चित हुन परेको छ । सामान गर्ने संयन्त्रमा अवरोध, कम संख्यामा संरक्षण सेवा केन्द्रहरु खुल्नु, स्वास्थ्य सुरक्षा मापदण्डहरु पालना गर्नु पर्ने कारणले गर्दा पनि मानिसमा मानसिक र मनोसमाजिक समस्याहरु देखा परेका छन् । जसको समयमा नै निदान गर्न सकिएन भने भविष्यमा यसको दिर्घकालिन असर भोग्नु पर्ने रहन्छ । यि सबै परिस्थितिलाई मध्यनजर राखेर, संरक्षण क्षेत्रका कार्यकर्ताहरु बढि सजग तथा सक्रियता देखाउनु पर्दछ । यस्तो अवस्थामा सके सम्म बढी संरक्षण सेवा केन्द्रहरु खोलेर सेवा प्रदान गर्ने, अन्य विषयगत क्षेत्रहरु सँग समन्वय र सहकार्य वृद्धि गरेर लक्षित वर्गहरुको सेवामा पहुँच वृद्धिको सुनिश्चितता गर्नु पर्दछ। यसका

सवालहरुलाई समयमा नै सम्बोधन गर्न जिल्लाको बहुक्षेत्रिय सरोकारवाला निकायहरुको सक्रियता र तदरुकताको आवश्यकता पर्दछ ।

**समष्टिगत उद्देश्य**

महिला तथा बालबालिका, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक र सिमान्तकृत समुदाय, अतिविपन्न तथा जोखिममा रहेका समुहहरू माथि विपद्को अवस्थामा उत्पन्न हुन सक्ने जोखिमहरु, हिंसा, शोषण, दुव्र्यवहार तथा हेला-अवहेलना) बाट संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य**

- विपद् तथा अन्य आपतकालिन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिम्मा रहेका समुहहरूका लागि मानव अधिकार सम्बन्धी कानून, अन्तराट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण तथा सुनिश्चितता गर्ने ।
- जोखिमा रहेका समुहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग पुऱ्याउने ।
- आपतकालिन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी विपद्बाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुव्र्यवहारबाट प्रभावित व्यक्ति वा समुदायलाई सहयोग उपलब्ध गराउने ।
- लैङ्गिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलिकरण, महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।
- लैङ्गिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरुको लागि महिला मैत्री स्थानको स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि एकद्वार प्रणाली व्यवस्थापन केन्द्र लाई प्रभावकारी गराउने ।
- प्रभावित बालबालिकाहरुलाई बाल-मैत्री स्थान तथा मनो-सामाजिक परामर्श सेवाको लागि खुला ठाउँको व्यवस्था गरि बालमैत्री सेवाहरु प्रवाहको सुनिश्चितता गर्ने ।
- एक्लिएका, अलग्गिएका र जोखिममा रहेका बालबालिका तथा किशोरकिशोरीका स्वास्थ्य लगायत अन्य आधारभूत सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गरि पुनर्मिलन तथा पुनस्थापना गर्न सहयोग गर्ने ।
- यौन दुव्र्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन तथा शोषणको रोकथाम गर्ने ।
- लैङ्गिक हिंसामा परेका प्रभावितहरुको न्यायमा पहुूचका लागि लैङ्गकि हिंसा निवारण कोष स्थापना तथा परिचालन गर्ने कार्यमा सहयोग गर्ने

**संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड: स्फेयर मापदण्ड**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लंघन, दुव्र्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।

- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षो उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारलाई सहयोग गर्ने ।
- परिवारबाट बिछडिएका तथा साथै नभएका बाल-बालिकाहरू र अन्य जोखिम्मा परेका समुह जस्तैः परिवार नभएका, बृद्ध, अपांग तथा दिर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने
- बास तथा अन्य सेवाको व्यवस्था ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

**लक्षित समूह**

महिला सुत्केरी, गर्भवती, वालवालिका, किशोरकिशोरी, अपांग, बृद्धबृद्धा, घाइते, मानसिक समस्या रहेका महिला, बालबालिका तथा किशोरकिशोरी, अभिभावक गुमाएका वालवालिका, यौन तथा लैङ्गकि हिंसामा परेका आदि ।

**आपतकालिन परिस्थितिको पूर्वतयारीः आपतकालिन परिस्थिति भन्दा पहिले**

| **पूर्व-तयारी सम्बन्धी गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्थाः** | | |
| जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा समन्वय, श्रोत पहिचान सम्झौता गर्ने तथा श्रोत पहिचान गर्ने तथा जिम्मेबारी बाँडफाडमा सहमति कायम गर्ने, पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना सहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारीहरु परिभाषित गर्ने । | जिल्ला संरक्षण विषयगत क्षेत्रको समन्वय समिति | बैशाख |
| **सिकिएका पाठ** | | |

| | | |
|---|---|---|
| बिगत बर्षका बिपद्का घटनाहरुले सिकाएका पाठहरूको समयमा पहिचान गरि आवश्यक पूर्ब तयारी गर्ने । | जिल्ला संरक्षण विषयगत क्षेत्रको समन्वय समिति | जेठसम्म |
| **आधाररेखा जानकारी/अन्य स्रोतबाट तथ्याङ्क सङ्कलन** | | |
| क) बाढी वा विपदु आउनसक्ने गाउपालिका तथा नगरपालिकाहरुसँग सम्बन्धित क्षेत्रगत जानकारी संकलन गर्ने । | | |
| **क्षमता विकास**<br>संरक्षण विषयगत क्षेत्र सम्बन्धि तालिमको लागि समन्वय गर्ने ।<br>क. आबश्यकतानुसार मनोसामाजिक विमर्श तालिम प्रदान गर्ने ।<br>ख. शारीरिक रुपमा अशक्त, जेष्ठ नागरिक तथा अपांगता भएका बालबालिकाहरुलाई आपतकालिनसंरक्षण तालिमको व्यवस्था गर्ने। | महिला बालबालिका तथा सामाजिक बिकास शाखा, स्थानीय तह संरक्षण विषयगत समिति सदस्य | आषाढ महिनाको अन्तसम्म |
| आपतकालिन संरक्षण सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>विभिन्न संघ संस्थाहरूसँग उपलब्ध मौजदातको तथ्यांक संकलन गर्ने<br>अपुग सामग्रीको पहिचान गर्ने आपूर्तीको लागि आवश्यक समन्वय गर्ने | महिला बालबालिका तथा सामाजिक बिकास शाखा, स्थानीय तह संरक्षण विषयगत समिति सदस्य | आषाढ महिनाको अन्तसम्म |
| पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक र पूर्वतयारी गतिविधिहरूको अनुगमन गर्नका लागि कार्य योजना निमाणर् गर्ने । | जिल्ला संरक्षण विषयगत क्षेत्रको समन्वय समिति, स्थानीय तह संरक्षण विषयगत समिति | जेष्ठ महिनामा |

## विपद्प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागुहुने)

| **सहयोग गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि (०-३० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने । | | |
| जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | स्थानीय तह सामाजिक विकास शाखा | पहिलो दिन |
| क. परिस्थिति सम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, बृद्ध बृद्धा, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, किशोरीहरु तथा अन्य जोखिममा रहेका व्यक्तिहरुको संख्या तथा अवस्था उल्लेख गर्ने । | | |
| ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने । | | |
| ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि | जिल्ला प्रशासन कार्यालय/ | दोश्रो दिन |

| | | |
|---|---|---|
| समाचार प्रकाशन गर्ने । | स्थानीय तह | |
| प्रारम्भिक प्रतिवेदन तथा अन्य संरक्षणसंग जोडिएका परिस्थितिको लेखाजोखा तथा समीक्षा गर्ने । | | |
| क. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित स्थानीय तहसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने । | | |
| ख. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने । | क. विषयगत क्षेत्र सदस्यहरु | |
| ख. स्थानीय तह महिला बालबालिका तथा सामाजिक बिकास शाखा | दोश्रो दिन देखि निरन्तर | |
| **प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग** | | |
| क. तत्काल उपलब्ध गराईएका मानवीय सेवाहरुमा महिला, वालवालिका,गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरु, वृद्ध वृद्धाहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने । | | |
| ख. सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरु तथा महिलाहरुलाई मर्यादा सामाग्री वितरण गर्ने । | | |
| ग. मानवीय सेवाको आवश्यकता देखिएका प्रभावित समुदायमा सेवा उपलव्धताको लागि पैरवी गर्ने | स्थानीय तह, विषयगत क्षेत्रसदस्यहरु | निरन्तर |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | स्थानीय तहमा संरक्षण विषयगत क्षेत्रको बैठक को समीक्षा गर्ने | ७ दिन भित्र |
| पारिवारीक रुपमा बिछोडिएका बालबालिकाहरुको खोजी गर्ने र पुनर्मिलन कार्य गराउने | स्थानीय तहमा संरक्षण बिषयगत क्षेत्र | पहिलो हप्ता |
| संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगको लागि गरिएको प्रतिवद्धताको कार्यान्वयन गर्ने । | स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समिति | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र पृष्ठपोषणका लागि टोली खटाउने | स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समिति | दोश्रो हप्ता देखि निरन्तर |
| जोखिम्मा रहेका समुहहरूको पहिचान लगायत पहिलो ४० दिन भित्र तत्कालिन मानवीय सहयोग/सम्झौता गर्ने । | | |
| क) ५ वर्ष मुनिका बालबालिकाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडा ।<br>ख) सुत्केरी र ६ महिनासम्मका वच्चाका आमाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडाको व्यवस्था गर्ने । | स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समिति | पहिलो दिन देखि नै निरन्तर रुपमा गर्ने |

| | | |
|---|---|---|
| ग) परिवारबाट विछोडिएका बालबालिकाहरुलाई बाल पुनरुथापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>घ) लैंगिकतामा आधारित हिंसामा परेका वालवालिका तथा महिलाहरुलाई पुनरुथापना गृहमा राख्ने । संरक्षणको आवश्यकता भएका वृद्ध वृद्धा र अपांगता भएका व्यक्तिहरुलाई पुनरुथापना गृहमा राख्ने व्यवस्था मिलाउने<br>ङ) लैगिक हिंसा रोकथामको लागि प्रेषण प्रणाली स्थापना तथा सवलीकरण गर्ने<br>च) महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने मर्यादा तथा किशोरी किट वितरण गर्ने ।<br>छ) महिला तथा बालबालिकाहरुको लागि महिला तथा बालबालिकामैत्री स्थानहरुको पहिचान गरि तथा सुरक्षित स्थान निर्माण गर्ने । | | |
| **सहयोग सम्बन्धी गतिविधि (३०-९०) दिनको अवधीमा** | | |
| बिषयगत क्षेत्रको समन्वय बैठक गर्ने ।<br>मनोसामाजिक असर देखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>विपदमा महिला तथा बालबालिकामा पर्नसक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरु गर्ने जस्तैः लैङ्गिक हिंसा, मानव बेचबिखन, बाल संरक्षण, मनोबिमर्श सेवा, यौन हिंसा तथा सहयोग बारे जानकारी आदि ।<br>लैङ्गिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरुमा सिफारिस प्रणालीमा काम गर्ने । शिबिरभित्र संरक्षण आबश्यक भएमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने ।<br>विपद्पछि हुनसक्ने मानविय बेचविखन रोक्नका लागि आवश्यक सचेतनाका गतिबिधीहरु सँञ्चालन गर्ने । | स्थानीय तह संरक्षण क्षेत्र तथा क्षेत्रगत सदस्यहरु | दुई हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने, सहायताको प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | स्थानीय तहमा रहेको संरक्षण विषयगत क्षेत्रको सदस्यहरु | निरन्तर |

## २.६ खानेपानी तथा सरसफाई र स्वच्छता

**नेतृत्व प्रदान गर्ने निकाय-** खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय

**सह नेतृत्व गर्ने निकाय-** गैसस महासंघ नेपाल

**विपद् सम्बन्धी परिस्थिति-** विपद्का सम्भावित मानवीय असर

- बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खानेपानीको मुहान अवरूद्ध हुने गरी इनारहरू दुषित हुनेछन् र सम्भवत बाढीमा डुब्नेछन् ।
- वातावरण प्रदुषित हुने गरी शौचालयहरू भरिन सक्दछन् ।
- सुरक्षित पानीको अभाव तथा ढलबाट दुषित वातावरणले गर्दा झाडापखाला तथा हैजा फैलने जोखिम बढ्नेछ
- प्रभावितहरू समक्ष सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरूको पहुँच नहुने ।

**समष्टिगत उद्देश्य**

- खानेपानी तथा सर—सफाइसंग सम्बन्धित रोगहरू फैलन नदिने र तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य**

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधामा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसंग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पुर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**मानवीय सहयोगका न्युनतम मापदण्ड**

- प्रतिदिन प्रतिव्यक्ति न्युनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुर्याउने ।
- शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ४० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की अथवा वाटर गार्ड उपलब्ध गराउने ।
- शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई) बढाउने गरी गर्ने ।
- शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर सरकारी सङ्गठन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसंग समन्वय गरी स्वास्थ्य तथा सरसफाई सम्बन्धी सामाग्री वितरण गर्ने र स्वच्छता पर्वद्धन सम्बन्धी गतिविधिहरू संचालन गर्ने ।

**विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना —विपद्को अवधिमा लागुहुने**

| **सहयोग गतिविधि (के)** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| सहयोगसम्बन्धी गतिविधि ‘तत्कालका लागि (०—९० दिनसम्म) | | |
| क्षेत्रगत सदस्यहरुको आकस्मिक बैठक संचालन । | ख.पा.स.डि.का. तथा स्थानिय निकायहरु | पहिलो दिन |
| विपद् अवस्थाको विश्लेषण । | | |
| प्रतिकार्यको तयारी गर्ने । | | |
| सूचना डेस्क स्थापना । | | |
| स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागिअन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | दोस्रो दिन |
| क्षेत्रगत सदस्यहरु बीच विपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली विपद् स्थलमा खटाउने । | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | पहिलो हप्ता |
| प्रविधिक टोलीद्वारा संकलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | दोस्रो हप्ता |
| सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाई कायमगर्नको लागिउपयूक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुर्याउनको लागि पानीको वितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम संचालन गर्ने । | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | पहिलो महिना |
| सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा संचालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा. योजना संचालनका लागि पाईप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने | ख.पा.स.डि.का. तथा स्थानिय निकायहरु | दोस्रो महिना |
| सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदनतयार गर्ने । | | |
| सम्बन्धित सबै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन पठाउने । | | |

**आपतकालिन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधिः (विपद् भन्दापहिले)**

| **क.स** | **क्रियाकलापहरु** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जिल्ला तथा स्थानिय निकायका क्षेत्रगत साझेदारहरुका बीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायमगर्ने । | ख.पा.स.डि.का. तथा स्थानिय निकायहरु | मंसिर, फागुन र जेठ |
| २ | प्रभाबित क्षेत्रमा उत्पन्न हुन सक्ने संकट आकलन तथा खानेपानी तथा सरसफाईका लागि योजनानिर्माण | ख.पा.स.डि.का. तथा स्थानिय निकायहरु | बैशाखसम्म |
| ३ | सुरक्षित खानेपानी सुचारु गर्न आवश्यक पर्ने सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने | ख.पा.स.डि.का. तथा स्थानिय निकायहरु | बैशाख |
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क ब्यक्ति तोक्ने । | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | चैत्र |
| ५ | विपद् हुन सक्ने सम्बन्धित क्षेत्रको तथ्यांक लिई त्यस क्षेत्रमा उत्पन्न हुन सक्ने खानेपानी समस्याको आकलन गर्ने | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | फागुन |
| ६ | आपतकालिन परिस्थितिमा प्रभावित हुनसक्ने खानेपानी योजनाहरु र प्रभावित हुन सक्ने घरपरिवार संख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात विभिन्न निकायहरु संग उपलब्ध मौज्दात विवरण लिने | ख.पा.स.डि.का. तथा स्थानिय निकाय | असार |
| ७ | अपुग सामग्रीको पहिचान गर्ने | | |

**खानेपानी, सरसफाइ तथा स्वच्छता सामाग्री भण्डारण**

| संस्था | सामग्री | संख्याा | स्थान |
|---|---|---|---|
| युनिसेफ | हाइजिन किट(स्टाण्डर्ड) | ५०० सेट | भैरहवा |
| | हाइजिन किट (व्यक्तिगत) | ५०० सेट | भैरहवा |
| | साबुन | १००० बार | भैरहवा |
| | बाल्टिन | ७०० वटा | भैरहवा |
| | मग | ७०० वटा | भैरहवा |
| | ब्लिचिङ्ग पाउडर | २५ बोरा | भैरहवा |
| | एक्वाट्याब | २५०० प्याकेट | भैरहवा |

| | | | |
|---|---|---|---|
| | अस्थायी चर्पी | ८५ सेट | भैरहवा |
| | सूचना, शिक्षा तथा संचार सामग्रीहरु | ५०० थान | भैरहवा |
| ने.रे.सो. | दक्ष जनशक्ति (स्वयंसेवक) | | तौलिहवा |
| गैसस महासंघ नेपाल | दक्ष जनशक्ति (स्वयंसेवक) | | तौलिहवा |
| कपिलवस्तु न.पा. | | विपद् व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन भएको | |
| यशोधरा | | ह्याण्ड पाइप जडान का लागि १० लाख, खानेपानी सरसफाइका लागि रु २ लाख विनियोजन | |
| बुद्धभुमि | | ह्याण्ड पाइप जडान तथा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन | |
| महाराजगंज | | ह्याण्ड पाइप जडान तथा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन | |
| मायादेवी | | विपद् व्यवस्थापन का लागि बजेट विनियोजन | |
| शुद्धोधन | | विपद् व्यवस्थापन का लागि बजेट विनियोजन | |
| दलित सामाजिक विकास केन्द्र | | विपद् व्यवस्थापनका लागि बजेट विनियोजन | |
| इन्द्रेणी | | दक्ष जनशक्ति ३ तथा रु ५० हजार बजेट विनियोजित | |
| कालिका | | आपत्कालिन बजेट तथा ४१ जना दक्ष जनशक्ति | |

## २.७ कृषि, खाद्य तथा जीविकोपार्जन

**नेतृत्व प्रदान गर्ने निकाय:** कृषि ज्ञान केन्द्र, स्थानीय तह

**सह नेतृत्व गर्ने निकाय :** विषयगत कार्यालयहरु

**विपद सम्बन्धी परिस्थितिः**

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुंच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रुपमा गम्भीर भएको तिब्र खाद्य असुरक्षा हुने।
- कृषि वालीमा ब्यापक क्षति, पशुधनको क्षति, जीविकोपार्जनमा क्षति, र सामना गर्ने रणनीति (Coping strategy) मा बाधाका कारणहरुले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा हुने।

**समष्टिगत उद्देश्यः**

- प्रभावित ब्यक्तिहरुका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुंच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने।

**विशिष्ट उद्देश्यः**

- जीवनरक्षा लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तत्काल तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रुपमा खाध्य सुरक्षा र जीविकोपार्जनमा सकारात्मक प्रभाव निर्माण गर्ने।
- पारिवारिक श्रोतहरुलाई पुनर्लाभ तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरुलाई अल्पकालीन रुपमा आम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने।

प्रभावित ब्यक्तिहरुको पहुंच निम्न अनुसार हुनेछः

- प्रति ब्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन ।
- निश्चित समुहका ब्यक्तिहरुका (जस्तै वालवालिका, गर्भवती महिला, एचआईभी भएका ब्यक्ति, कुपोषित ब्यक्तिहरु आदि) आवश्यकतालाई पुरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यान्नको ब्यवस्था ।

स्थानीयतहले प्रभावित क्षेत्र र परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ तर पनि शुरुमा घरायसी स्तरमा गरिने वितरण र विस्तृत लेखाजोखाबाट प्राप्त तथ्यांकको आधारमा र ब्यक्तिका आधारमा गरिनु पर्दछ ।

**विद्यमान श्रोत तथा क्षमताको सूची**

| सि.नं. | साझेदारको नाम | खाद्य तथा जिविकोपार्जन सामग्री/स्रोत | जनशक्ति | सवारी साधन | कैफयित |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | • विपद प्रभावितको पुनर्स्थापनको लागि बिउ बिजनको मिनीकिट तथा मल र कृषि प्राबिधिक सेवा<br>• नार्क मार्फत मौसम साप्ताहिक बुलेटिन प्राप्त गर्ने गरेको | प्राबिधिक जनशक्ति १२ जना | १- पिकअप गाडी | |
| २ | भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | • आकस्मिक सेवा अन्तर्गत विपदमा परेका पशुको प्रमिथिक उपचार<br>• बर्ड फ्लुको समयमा काम गर्न समिति तथा कार्य बिधि रहेको<br>• पी.पी.आर. HS/BQ, खोरेत, रानीखेत रोगको लागि भ्याक्सिनेसन कार्येक्रम | प्राबिधिक जनशक्ति १० जना | १- पिकअप गाडी | बर्ड फ्लु, लम्पी स्किन रोग, अफ्रिकन स्वाईन फिवर, डेगनाला |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कपिलवस्तु | कृषि सम्बन्धि क्षतिको तथ्यांक संकलन गर्न सक्ने<br>कृषिमा हुने रोक तथा किराको प्रकोप नियन्त्रण गर्ने कार्यक्रम भएको<br>राहतको लागि कृषि तथा पशु पंक्षी मन्त्रालय संग समन्वय गर्न सक्ने | प्राबिधिक जनशक्ति ७ जना | | |
| ४ | युनाईटेड मिशन टु नेपाल | विपदको बेलामा खाध्य सामग्री ताथा बिउ बिजन सहयोगको लागि विपद व्यस्थापन कोष रहेको (यू.एम.एम को कार्यक्षेत्रमा कम्तिमा ५ घर वा २५ जना प्रभावित भएको अवस्थामा) | प्रबिधि जनशक्ति - १ जना | | |
| ५ | दलित सामाजिक विकास केन्द्र | विपदको बेलामा कार्यक्षत्र भित्र खाध्य सामग्री ताथा बिउ बिजन सहयोग गर्न सकिने | जनशक्ति - १ ७ जना | | |
| ६ | आई एन एफ नेपाल | विपदको बेलामा अति आवश्यक खाध्य सामग्री तथा आवश्यकताका आधारमा बिउ बिजन, सहयोगको लागि विपद व्यस्थापन कोष रहेको (आई एन एफ को कार्यक्षेत्रमा कम्तिमा ५ घर प्रभावित भएको अवस्थामा) | प्राबिधिक जनशक्ति - १ जना | | |
| ६ | Welthungerhilfe (WHH), कपिलवस्तु | | प्राबिधिक जनशक्ति १ जना | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | RRN, कपिलवस्तु | संस्थामा बिपद ब्यबस्थान कोष रहेको छ र संस्थाको कार्य क्षेत्रमा कुनै किसिमको विपदको अवस्था आईपरेको खण्डमा कोषलाई सम्बन्धित निकायसंगको समन्वयनमा परिचालन गर्न सकिने व्यवस्था रहेको छ। | प्राबिधिक जनशक्ति ५ जना | | |
| ८ | USAID Agricultural Inputs | कार्यक्रम अहिले प्रारम्भिक चरणमा छ र कार्यक्रम सुरु हुने बित्तिकै हामीले निजी क्षेत्र मार्फत धान, मकै, मसुरो र तरकारीका जलवायु प्रतिरोधी जात प्रवर्द्धन गर्ने योजना बनाएका छौं । | प्राबिधिक जनशक्ति २ जना | | |

**कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजनाः आपतकालीन परिस्थितिको अवधिमा**

| **सहयोगी गतिविधि** | जिम्मेवार निकाय |
|---|---|
| **०-२४ घण्टा भित्र** | |
| खाध्य क्षेत्रको समन्वयात्मक बैठक आयोजना गर्ने<br>जानकारी संकलन<br>परिस्थि विश्लेषण<br>क्षतिको सूचना संकलन गर्ने<br>तयारी खाद्यान्न वितरणको लागि कार्ययोजना तयार<br>बिस्थापितको लागि पहिलो ७ दिन सम्मको लागि तयारी खाद्यान्न वितरण गर्ने | कृषि ज्ञान केन्द्र |
| **० - ४८ घण्टा भित्र** | |
| •तथ्यांक संकलन तथा विश्लेषण गर्ने<br>• पशुधनको शुरक्षा तथा मृत पशुहरुको उचित ब्यवस्थापन गर्न भेटेरीनरी अस्पतालले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने<br>• खाद्य सामग्री संकलन र वितरणको जिम्मेवारी बांडफांट गर्ने | स्थानीय तहको कृषि तथा पशु विकास शाखा,कालिका, किड्स, आर आर एन, फरवार्ड र स्थानीय उ.बा.संघहरु |
| **४८ देखि ७२ घण्टा भित्र** | |
| •पिडितहरुको लेखाजोखा राख्ने<br>एकद्वार पद्तिको विकास गर्ने | स्थानीय तह, डिडिएमसी, |
| **७२ घण्टा देखि ७ दिन भित्र** | |
| •खाद्य सामग्री वितरण<br>•खाद्य गोदामलाई शुरक्षित र पायक पर्ने इलाकामा राख्ने<br>गोदाम सुरक्षाको प्रबन्ध गर्ने | कृषि ज्ञान केन्द्र,स्थानीय तह |
| **एक महिना सम्म** | |

| | |
|---|---|
| •स्थलगत छलफल तथा अवस्थाको समीक्षा<br>•छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि बीउ विजन र पशु या पंक्षी वितरण गर्ने | कृषि ज्ञान केन्द्र स्थानीय तहको कृषि तथा पशु विकास शाखा |
| **तिन महिना सम्म** | |
| जिवीकोपार्जनमुखि कृयाकलाप संचालन<br>राहतको बीउ वितरण,<br>तालिम<br>पुनः अघिल्लो महीनाका कृयाकलापको अनुगमनलाई निरन्तरता | स्थानीय तहको कृषि शाखा, जिल्ला पशु अस्पताल तथा बिज्ञ केन्द्र, तथा पशु विकास शाखा<br>कालिका, किड्स, आर आर एन,फरवार्ड |

**आपतकालीन परिस्थितिको पूर्व तयारी गतिविधिः**

| पूर्व तयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समय अवधि |
|---|---|---|
| कृषि,खाध्य तथा जीविकोपार्जन क्लस्टर को नियमित बैठक बैठकलाई नियमित गर्न मिति तय गर्ने र जिम्मेवारी बाँडफाट गर्ने | कृषि ज्ञान केन्द्र | भदौ महिना भित्रमा |
| तयारी तथा खाध्य सामग्रीको मौजुदा सम्बन्धि सबै संघ संस्थामा भयको विवरण संकलन गर्ने | कृषि ज्ञान केन्द्र र सदस्य संस्थाहरु | साउन महिना भित्र |
| तयारी तथा खाध्य सामग्री उपलब्ध गाराउन सक्ने व्यवसायीहरुसंग इक्षा पत्र आह्वान गरि भेंडर लिस्ट तयार गर्ने | कृषि ज्ञान केन्द्र | भदौ महिना भित्रमा |
| खाध्य सामग्री राहत वितरणको लागि संघ संस्था संग समन्वय गरि स्वयंसेवक तथा मानविय स्रोतको लिस्ट तयार गर्ने | कृषि ज्ञान केन्द्र र सदस्य संस्थाहरु | भदौ महिना भित्रमा |
| अनुगमन समिति निर्माण गरि फारम तयार गर्ने | कृषि ज्ञान केन्द्र | अशोज सम्म |
| आवश्यकता लेखाखाजोखा अध्ययनको खाका र राहत माप दण्ड तयार गर्ने तयारी गर्ने | कृषि ज्ञान केन्द्र / स्थानीय तहको कृषि विकास शाखा | कार्तिक सम्ममा |
| स्थानीय तह स्थित विपद प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने | स्थानीय तहको कृषि विकास शाखा | कार्तिक सम्ममा |
| साना सिंचाई योजना सहयोग गर्ने | कृषि ज्ञान केन्द्र / स्थानीय तहको कृषि विकास शाखा | चैत्र-जेष्ठ |
| क्षमता अभिबृद्धि तथा भण्डारण तालिम | कृषि ज्ञान केन्द्र / स्थानीय तहको कृषि विकास शाखा | चैत्र |

## २.८ राहत तथा पुन निर्माण

**नेतृत्व प्रदान गर्ने निकाय:** जिल्ला समन्वय समिति/स्थानीय तह सबै

**मुख्य सहयोगी निकाय :** गैर सरकारी संस्था महासंघ

**विपद् सम्बन्धी परिस्थिति :** विपद्को सम्भावित मानवीय असर

- प्रभावित परिवारको गास, वाँस र कपासको अभाव, गम्भीर खाद्य असुरक्षा हुने ।
- कृषि जीविकोपार्जनमा क्षति, आवास व्यवस्थापन सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा दुर्यब्यवहार हिंसा तथा मानविय बेचबिखन हुन सक्ने उच्च असुरक्षा ।
- मानविय क्षति तथा पारिवारिक बिछोड हुने एव स्थानान्तरण हुन सक्ने ।
- मानविय हताहत हुने, घाइते, अङ्गभङ्ग घाउचोटपटक लाग्न सक्ने ।
- मनोसामाजिक समस्याहरु देखा पर्न सक्ने ।

**समष्टिगत उद्देश्य :**

प्रभावित व्यक्तिहरूका लागि तत्काल राहत उपलब्ध गराउने र अझ राम्रो, अझ बलियो अबधारण अनुसार पूननिर्माण तथा पुनस्थापना गरी प्रभावितहरूको जीवनलाई सामान्यीकरण गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवन रक्षा सम्बन्धी रणनीतिका लागि आवश्यकताको पुर्ति गर्नका निमित्त तयारी खाना, गैह खाद्य सामाग्री लगायत अन्य सहयोग सामाग्रीहरू उपलब्ध गराउने र दिर्घकालीन रूपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दिर्घकालीन रणनीतिहरूको फलस्वरूप मानविय मर्यादा, दिगो सकारात्मक परिवर्तन गर्ने ।
- पुनर्लाभ तथा दिर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न प्रभावितहरूलाई अल्पकालिन रूपमा आम्दानीको अवसर सिर्जना गरी पुर्ननिर्माण तथा पुनस्थापनाका कार्यहरूलाई योजनाबद्ध तरीकाले कार्यानवयन गर्ने ।

**मानवीय सहयोगको मापदण्ड :** प्रभावितहरूलाई सबै तह र निकायहरूसंग समन्वय गरी तोकीएको मापदण्ड अनुसारका गतिविधिहरू कार्यान्वयन गर्ने ।

**आपतकालिन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि (विपद् भन्दा पहिले)**

| **क.स** | **क्रियाकलापहरु** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुका बीच बिषयगत सदस्यको चौमासिक बैठक गर्ने, उक्त बैठक मार्फत समन्वय स्थापितगर्ने संयन्त्रका बारेमा सहमती कायम गर्ने । | जि.स.स. तथा सदस्यहरु | कार्तिक, फागुन र जेष्ठ |
| २ | सभावित प्रभावित क्षेत्रमा उत्पन्न हुन सक्ने संकट आँकलन गरी क्षेत्रगत जिम्मेबारी बाडफाँड गर्ने । | जि.स.स.तथा सदस्यहरु | चैत्र सम्म |

| | | | |
|---|---|---|---|
| ३ | सवै स्थानिय तहरुले आफ्नो पालिकाको जोखिम पहिचान, विश्लेषण गरी सोको जानकारी जिल्ला समन्वय समितिमा पठाउने/जि.स.स.ले माग गर्ने । | जि.स.स. | मंसिर सम्म |
| ४ | स्थानीय तहमा उद्धार तथा राहतमा प्रयोग हुन सक्ने औजार उपकरणको तयारी र क्षेत्रगत भण्डारण गर्न समन्वय गर्ने । | जि.स.स.तथा सदस्यहरु | फागुन सम्म |
| ५ | स्थानीय तहमा जोखिमको आंकलन, स्रोतको लेखाजोखा कालागि आवश्यक समन्वय, सहजिकरण तथा अनुगमन गर्ने | स्थानीय तह, जि.स.स. | आवश्यकता अनुसार |
| ६ | स्थानीय तहमा विपद्तथा राहत ब्यवस्थापन कोषको स्थापना गर्न लगाउने । | स्थानीय तह, जि.स.स. | जेठ |

**विपद् प्रकृतिमा आधारित प्रतिकार्ययोजना**

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि (०-३० देखी ९० दिनसम्म)** | | |
| • जिल्ला आपतकालिन सञ्चालन केन्द्रमा जानकारी प्रदान गर्ने तथा सूचना लिने ।<br>• तत्काल यस कलष्टरको बैठक बस्ने ।<br>• लत्ता कपडा, पाल, कम्बल, भाँडा, खाद्यान्न तथा राहत वितरण र प्राथमिक उपचार कार्यमा समन्वय तथा सहजिकरण ।<br>• सुरक्षित स्थानमा स्थानान्तरणका लागी समन्वय सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय, सेना, प्रहरी, जिसंस, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाईटी | पहिलो दिन |
| विपद् ब्यवस्थापनको अनुगमन गरी नपुग सामग्रीहरुको उचित व्यवस्थापन गर्ने/गर्न लगाउने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला संमन्वय समिति | दोस्रो दिन |
| मनोसामाजिक परामर्श तथा थप उपचारको लागि आवस्यक समन्वय तथा सहजिकरण गर्ने । | स्वास्थ्य कार्यालय | पहिलो हप्ता |
| अस्थायी खानेपानी शौचालयहरुको उचित ब्यवस्थापनका लागी आवस्यक समन्वय सहकार्य तथा सहजिकरण । | सुआहारा दोश्रो, अन्य गै.स.स.हरु, संचार जगत | पहिलो महिना |
| सरुवा रोगहरु फैलिन नदिन चेतनामूलक कार्यक्रम संचालन गर्न आवस्यक समन्वय गर्ने । | | दोस्रो महिना |

| | | |
|---|---|---|
| स्थायी तथा अस्थायी बासस्थानका लागि आवश्यक कार्य सुरु गर्ने/समन्वयगर्ने | जि.स.स., शहरी बिकास तथाभवन, नेरेसो, नपा, गा.पा, सामुदायिक भवन, बिद्यालय भवन | तेस्रो महिना |
| मानवीय सहयता लागि समन्वय तथा सहजिकरण गर्ने | जि.स.स. न.पा.गा.पा.अन्य सहयोगी निकायहरु | निरन्तर |
| क्षतिग्रस्त भवनतथा संस्थाहरुको पुनर्निर्माणका लागि समन्वय तथा सहजिकरण गर्ने (अस्थायी) | जि.स.स. न.पा.गा.पा.अन्य सहयोगी निकायहरु | निरन्तर |

## ३. भूकम्पीय जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना भूमिका

भूगर्भ विद्हरूको भनाई अनुसार भारतीय भुखण्ड र तिब्बती भूखण्डका विशाल पाटाहरू नेपालको क्षेत्रमा जोडिएको हुँदा यि दुई भूखण्डहरूको हलचलले नेपालमा भूकम्प जान सक्ने वैज्ञानिकहरूको ठहर रहेको छ । प्रत्येक दिन धेरै संख्यामा स-साना भूकम्पहरू गई रहेको हुन्छ । नेपालको इतिहास हेर्दा यहाँ वर्षेनी साना ठूला भूकम्प गएको उदाहरणहरू छन । वि.स.१९९० सालको भूकम्पबाट ८५१९ व्यक्तिहरूको मृत्यु भएको थियो भने २०४५ सालको भूकम्पबाट ७२१ व्यक्तिहरूले ज्यान गुमाएका थिए । २०७२ को वैशाख १२ र २९ मा गएको त्रासदिपूर्ण भूकम्प र त्यस पश्चात गएका पराकम्पनबाट ८८९६ जना मृत्यु, २२३०२ जना मानिसहरू घाइते भएका र १९८ वेपत्ता, ८८६४५६ परिवारहरू प्रभावित भएकाथिए । यस्ता किसिमका भूकम्पीय घटनाहरू कुन बेला कुन समयमा क्षति गर्छ भन्ने पुर्वानुमान गर्न सकिदैन । यो सम्भावित भूकम्पबाट कसरी बच्ने यसको सामना कसरी गर्ने भन्ने विषयमा सोच्नु र छलफल गर्नु आवश्यक छ । यसको सामना पूणर् रूपमा गर्न नसकिएता पनि यसबाट हुनसक्ने सम्भावित क्षतिलाई भने कम गर्न सकिन्छ । भूकम्प आएको बेला नआत्तिने र शान्त रहने, ढोकामा उभिने वा टेबुल, डेस्क खाटमुनि छिर्ने, भत्कन सक्ने झयाल, खस्न सक्ने बस्तुको नजिकनबस्ने, यदि भई तल्लामा भए नआत्तिकन तुरून्त बाहिर निस्कने र सुरक्षित स्थानमा बस्ने, भुकम्पको बेला भऱ्याङ्गबाट नहिंड्ने, झ्यालबाट हामन फाल्ने, बिजुलीको लाईन, खोलाको किनारा, अग्लाअग्ला रूख तथा भवन नजिक नजाने, सवारी साधनचलाईरहको भए सडकबाट हटेर सुरक्षित स्थान तर्फ लाग्ने र रोक्ने, बच्चा, बद्ध, गर्भवती र अशक्तहरूलाई प्राथमिकताका साथ मद्दत गर्ने गर्नु पर्छ ।

भूकम्पीय जोखिम न्यूनीकरणको लागि प्रत्येक गाउँ, शहर, तथा धेरै मानिसहरू बस्ने विद्यालय, कलेज, उद्योग आदि स्थानहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजना बनाई कार्यान्वयनमा ल्याउने, भवन निर्माण आचार संहिता पालना गर्ने गरेमा भूकम्पीय विपद्बाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । कपिलवस्तु जिल्लामा विगतमा भूकम्पको कारणबाट धेरै ठूलो जनधनको क्षति नभएतापनि बढ्दो शहरी तथा औद्योगिकीकरणको कारण ठूला ठूला घर संरचनाहरूको निर्माण भईरहेका छन । धेरै बालबालिका तथा युवाहरू पढ्ने स्कूल तथा कलेजहरू निर्माण भइरहेका छन । यसरी बनिरहेका भवनतथा संरचनाहरू

भूकम्पीय जोखिमबाट सुरक्षितहुने गरी तोकिएको मापदण्ड अनुसार नबनाइएका र पहिले बनिसकेका पुराना घर संरचनाहरू गैर इन्जिनियरिंग तरिकाले बिना मापदण्ड बनेका हुँदा कपिलवस्तु जिल्ला पनि भूकम्पीय जोखिममा छ भन्न सकिन्छ । तर्सथ भूकम्पको जोखिमबाट हुने जनधनको क्षतिलाई न्यूनिकरण गर्न र संभावितविपद्लाई सम्वोधन गर्न, पूर्वतयारी गरी सबैलाई सचेत र सजग बनाउन भूकम्प सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य योजना प्रस्तुत गरिएको छ ।

**क) भूकम्प पछिको अनुमानित परिदृश्य**

- घर भवन भत्किएर मानिसहरूको मृत्यु भएको, च्यापिएको, पुरिएको, चोटपटक लागि घाइते भएको, आवास, खाद्यान्न, लत्ता कपडा आदिको अभावभई मानिसहरू अलपत्र भएको अवस्था ।
- पशुपंक्षी पुरिएको मृत्यु तथा घाइते भएको अवस्था ।
- वातावरणीय समस्या तथा अस्तव्यस्त जनजीवन ।
- बिशेष प्रकारको स्याहार आवश्यकता पर्ने गर्भवती, सुत्केरी, वालबच्चाहरू, बृद्ध बृद्धा एवं अपांगताभएका व्यक्तिहरूलाई तत्काल सेवा सुविधाको आवश्यकता ।

**ख) उद्देश्य**

- भूकम्पबाट प्रभावित व्यक्तिहरूको लागि सुरक्षित तथा आरामदायी आवास, खाद्यान्न, औषधोपचारको साथै उनीहरूका वस्तुभाउको उचित व्यवस्थापन गर्नु ।
- भूकम्पसम्बन्धी सचेतना तथा पूर्वतयारी गर्नु ।

**ग) मानवीय सहयोग सम्बन्धी मापदण्ड**

- औसतमा एक व्यक्तिका लागि ४.५-४.५ वर्ग मिटरको छाना भएको आवास क्षेत्र उपलब्ध हुनु पर्छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४/५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री आवश्यक हुन्छ ।
- दुई वर्षम्मका बालबालिकाहरूका लागि कम्तीमा एक सेट कपडा ।
- महिला, केटी, पुरूष तथा किशोरहरूको लागि कम्तीमा पनि एकसेट कपडा । यसका अतिरिक्त, महिला तथा किशोरीहरूका लागि नियमित सरसफाई सम्बन्धी सामग्रीहरूको आपुर्ति ।
- प्रत्येक परिवारसँग एक सेट भाँडा ।
- प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्न -चामल-प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल-प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, वनस्पति तेल-प्रतिदिन प्रतिव्यक्ति ४० मि.लि., नुन-प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम)
- विरामी तथा घाइतेको लागि उपचारको व्यवस्था ।

**घ) प्रमूख कृयाकलापहरू:**

- आपतकालिन आश्रयस्थलको उपयुक्त स्थानहरूको पहिचान तथा व्यवस्था गर्ने ।
- भूकम्प संभावित स्थानहरूमा सचेतनाका कार्यक्रमहरू संचालन गर्ने ।
- आपतकालिन अवस्थाको लागि आवश्यक टेन्ट, डोरी, बोरा, कपडा आदितयारी अवस्थामा राख्ने ।

- नयाँभवन तथा संरचना निर्माण गर्दा नेपाल सरकारबाट निर्धारित तथा अन्य प्रावधानहरू अनिवार्य पूरा गर्न लगाउने र जोखिम अवस्थामा रहेका पुराना संरचनाहरूलाई मर्मतसंभार गरी सुरक्षित बनाउने ।

**भूकम्पीय जोखिम न्यूनीकरणका लागि पूर्वतयारी योजना**

| क्रस | प्रमुख कार्यहरू | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | संभावित जोखिम हुने क्षेत्र पत्तालगाउन बैठक | जिविब्य समिति | बैशाख १५ भित्र |
| २ | संभावित जोखिम हुने क्षेत्रमा स्थानीय संस्था सरकारी निकाय, समाजसेवी, बुद्धिजीवी राखी पूर्वतयारी सम्बन्धी अन्तरक्रिया गोष्ठी गर्ने । | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | बैशाख २५ भित्र |
| ३ | नयाँ भवन तथा संरचना निर्माण गर्दा नेपाल सरकारबाट निर्धारित द्यगष्मिष्लन ऋयमभ तथा अन्य प्रावधानहरू अनिवार्य<br>पूरा गर्न लगाउने र जोखिम अवस्थामा रहेका पुराना संरचनाहरूलाई प्रवलीकरण गरी सुरक्षित बनाउने | न.पा. तथा गा.पा.हरू | सधैं, नियमित |
| ४ | घना बस्ती भएका शहरी इलाका, स्कूल, कलेज आदि स्थानहरूमा म्चयउ, ऋयखभच बलम ज्यमि को कृत्रिम घटना अभ्यास गरी सचेतना बढाउने । | नेपाल प्रहरी, नेपाली सेना, गैसस, विद्यालय | फागुनको दोस्रो हप्ता |
| ५ | उद्दार सामाग्रीहरूको सूची तयार र खरिद | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | जेठ १५ भित्र |
| ६ | उद्दार सामाग्री प्राप्ति, खरिद तथा भण्डारण | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | जेठ २० भित्र |
| ७ | आवश्यक सामाग्रीहरूको विवरण | | |

**भूकम्प पश्चात गरिने प्रतिकार्य योजना**

| **क्र. सं** | **प्रमुख कार्यहरू** | **जिम्मेवार निकाय** | **समय सिमा** |
|---|---|---|---|
| १ | समन्वय बैठक | जिल्ला प्रशासन कार्यालय | यथाशीघ्र अथवा आवश्यकता अनुसार |
| २ | परिस्थितीको लेखाजोखा, कार्यदल गठन, कार्य योजना निर्माण | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | आवश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| ३ | भूकम्प प्रभावितहरू पहिचान एकीन भए पछि परिचयपत्र वितरण | जिविब्य समिति | आवश्यकता अनुसार |
| ४ | सुरक्षित स्थलको पहिचान र बसोबास व्यवस्थापन | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | आवश्यकता अनुसार |
| ५ | स्थास्थ्य तथा सुरक्षाको व्यवस्था | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | आवश्यकता अनुसार |
| ६ | खानेपानी सरसफाईको व्यवस्था | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | यथाशीघ्र |
| ७ | किट, चटाई, भाडाकुडा, कपडा, चुल्हो दाउरा जस्ता गैह्न खाद्य सामाग्रीको व्यवस्था | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | यथाशीघ्र |
| ८ | खाद्य सामग्रीको व्यवस्था तथा वितरण | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | यथाशीघ्र |
| ९ | पुनस्थापनाको लागि कार्य | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | यथाशीघ्र |
| १० | स्थास्थ्य, सुरक्षा, सरसफाई जस्ता विषयमा विभिन्न निकायसँग समन्वय गरी चेतनामूलक क्रियाकलाप | जिविब्य समिति तथा क्लस्टर सदस्यहरू | यथाशीघ्र |
| ११ | समिक्षा, मूल्यांकन र प्रतिवेदन दिने | जिविब्य समिति | नियमित/साप्ताहिक |

भूकम्पीय विपद् प्रतिकार्य तालिका

| **समायावधि** | **प्रतिकार्यका लागि गतिविधिहरू** | **जिम्मेवारी** |
|---|---|---|
| ० देखी १ दिन | भुकम्पीय विपद्को जानकारी दिने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यम |
| | विपद्बाट भएको प्रभावको प्रारम्भिक सूचना लिने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने<br>खोज तथा उद्धार कार्यमा हेबि ईक्यूपमेन्टस परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, सडक डिभिजन कार्यालय, स्थानीय तह, निर्माण व्यवसायी |

| | | |
|---|---|---|
| | जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बस्ने<br>विपद् सूचना अधिकारी सुनिश्चित गर्ने जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई कार्यविधि अनुसार सक्रिय बनाउने | प्रमुख जिल्ला अधिकारी |
| | खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| | प्राथमिक उपचारक र एम्बुलेन्स सेवा परिचालन गर्ने गराउने | जिल्ला स्वास्थ्य कार्यालय/नेरेसो, स्थानीय तह, एम्बुलेन्स |
| | घाईतेहरूलाई तत्काल उपचारको व्यवस्था मिलाउने | जिल्ला स्वास्थ्य कार्यालय, प्रादेशिक अस्पताल, निजी अस्पताल |
| | स्थल मार्गबाट उद्धार गर्न नसकिने प्रभावितहरूलाई हेलिकप्टर परिचालनका लागी प्रदेश र केन्द्रमा अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | थप खोज उद्धार टोलीको लागी गृह मन्त्रालयमा अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | विषयगत क्षेत्रगत निकायहरूलाई सक्रिय बनाउने, समन्वय गर्ने विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>विषय क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | स्थानीय तहको समन्वयमा बिस्थापितहरू रहेको स्थान बारे जानकारी लिने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | प्रारम्भिक द्रूत लेखाजोखाका लागी टोली परिचालन | स्थानीय तहका प्रमुख, जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रभावित क्षेत्रसम्मको पहुँचको बारेमा जानकारी लिने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | प्रभावित समुदायलाई विपद् प्रतिकार्यका लागी भए गरेका प्रयासहरू तथा सार्वजनिक आह्वान विषयक सूचना प्रवाह गर्ने । | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>पत्रकार महासंघ/सञ्चार माध्यमहरू |
| | बिस्थापितलाई तयारी खाना, पानीको व्यवस्था गरी बितरण गर्ने | स्थानीय तह, उधोग बाणिज्य संघ |
| | बिस्थापितलाई त्रिपाल उपलब्ध गराई आश्रय स्थलको व्यवस्था मिलाउने | स्थानीय तह/नेपाल रेडक्रस सोसाइटी/सघन शहरी विकास तथा भवन निर्माण आयोजना |

| | | |
|---|---|---|
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| दोश्रो दिन | विपद् प्रतिकार्य र पराकम्पनबाट आउनसक्ने जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यम |
| | प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्न थप टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | स्वयंसेवक कार्यदल परिचालन खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक थप टोली परिचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने। | नेपाल रेडक्रस सोसाइटी |
| | राहत बितरण कार्यलाई समन्वय गरी एकद्धार प्रणाली मार्फत बितरणको प्रबन्ध मिलाउने | जिल्ला विपद् व्यवस्थान समिति |
| | बिस्तपितहरूलाई तयारी खाना, खानेपानीको थप व्यवस्था गर्ने | स्थानीय तह/जिल्ला विपद् व्यवस्थापन समिति/उधोग बाणिज्य संघ |
| | बिस्थापितहरूलाई गैह्खाद्य सामाग्री र तयारी खाना पानी थप बितरण गर्ने | उधोग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, |
| | प्रारम्भिक द्रूत लेखाजोखा तथ्यांक समायोजन गरी अनुमोदन गर्ने र लेखाजोखा समन्वय टोली (ACT) परिचालनका लागी राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र (NEOC) संग अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | प्रारम्भिक द्रुत लेखाजोखा प्रतिबेदन तयार गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | बिस्थापित भएकाहरूलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आगोजना/नेरेसो |
| | प्रभावितहरूको खोज तथा उद्धारगरी तिनीहरूलाई तत्काल आवश्यक पर्ने खाद्यान र न्यूनतम मानवोचित साम्राग्री र स्वीकृत मापदण्ड वमोजिम राहत उपलव्ध गराउने | प्रमुख जिल्ला अधिकारी |
| | घाईते तथा बिरामीहरूको उपचारको निःशुल्क उपचारको | प्रादेशिक अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, |

| | | |
|---|---|---|
| | व्यवस्था मिलाउने | निजी अस्पताल |
| | सामुदायिक र जिल्ला द्रुत प्रतिकार्य टोली (CRRT/RRT) समुहको बैठक बसी टोलि परिचालन गर्ने | स्वास्थ्य कार्यालय |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | शिबिरहरूमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्य संचालन केन्द (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| तेश्रो दिन | विपद् प्रतिकार्य र पराकम्पनबाट आउनसक्ने जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल |
| | बढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरूको खोजि कार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | बिस्थापित भएकाहरूलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आगोजना/नेरेसो |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | राहत बितरण कार्यलाई थप प्रभावकारी बनाई निरन्तर्ता दिने | जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीय तह |

| | | |
|---|---|---|
| | जिल्ला विपद् प्रतिकार्य टोली (DDRT) लाई परिचालन गर्ने | नेरेसो |
| | अति संकटासन्न अबस्थामा रहेका समुहहरूलाई बिशेष निगरानी तथा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय<br>स्थानीय तह स्थानीय स्वास्थ्य संस्था |
| | प्रभावित क्षेत्रमा हुन सक्ने महिला हिसांका गतिविधिका सम्वन्धमा विशेष निगरानी राख्ने तथा बालबालिका, जेष्ठनागरीक, अपाङ्गता भएका ब्यक्तिहरूलाई विशेष सरंक्षणको प्रवन्ध मिलाउने | स्थानीय तहका महिला बालवालीका तथा सामाजिक विकास शाखा, जेष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तिहरूका लागी कार्य गर्ने निकायहरू |
| | खाद्य तथा गैह्र खाद्य सामाग्रीहरू,सुक्ष्म पोषण तथा बाल भिटा लगायत पोषणयुक्त खाना बितरण गर्ने | स्थानीय तह, नेरेसो, जिल्ला स्वास्थ्य कार्यालय, अन्य सहयोगी निकायहरू |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | भग्नाबशेषलाई पन्छाउने कार्य गर्ने | सडक डिभिजन कार्यालय, निर्माण ब्यवसायी संघ |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | शिबिरहरूमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्यसंचालन केन्द्| (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| चौथो दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण ब्यवसायी संघ |
| | बढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका ब्यक्तिहरूको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | राहत बितरण कार्यलाई निरन्तरता दिने | जिल्ला विपद् व्यवस्थान समिति, स्थानीय तह |
| | खानेपानी, सरसफाई र स्वच्छताका गतिविधिहरू संचालन गर्ने | खानेपानी तथा सरसफाई डि. कार्यालय, स्थानीय तह |
| | विपद्बाट अबरूद्ध सडक सञ्जाल मर्मत गरि तत्कालका लागी संचालनमा ल्याउने | सडक निर्माण डिभिजन कार्यालय, स्थानीय तह |
| | बिस्थापित भएकाहरूलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आयोजना/नेरेसो |
| | प्रभावित समुदायलाई नेपाल सरकारको स्विकृत मापदण्ड बमोजिम नगद तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| | मरेका पशुका शवहरू संकलन तथा व्यवस्थापन गर्ने | स्थानीय तह |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | शिबिरहरूमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्य संचालन केन्द्र (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| पाँचौं दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, |
| | बढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका ब्यक्तिहरूको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | बिस्थापित भएकाहरूलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आयोजना/नेरेसो |
| | प्रभावितहरूको पहूँचसम्म राहत सहायता नपुगेको स्थानहरूमा थप राहत बितरणको व्यवस्था गर्ने | स्थानीय तह<br>जिल्ला विपद् व्यवस्थापन समिति, |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रूपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभुत क्षेत्रमा विद्युतीय सेवा र सञ्चार सेवा उपलब्ध गराउने | नेपाल बिधुत प्राधिकरण कार्यालय, नेपाल टेलिकमको कार्यालय |
| | थप आबश्यक पर्ने राहतका लागी समन्वय गरी माग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | शिबिरहरूमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्य संचालन केन्द्र (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| छैटौं दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | बढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरूको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | बिस्थापित भएकाहरूलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आयोजना/नेरेसो |
| | स्विकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने<br>थप आबश्यक पर्ने राहतका लागी समन्वय गरी माग गर्ने र बितरणको ब्यवस्था मिलाउने | स्थानीय तह<br>जिल्ला विपद् व्यवस्थापन समिति |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्यु भएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अबस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्य संचालन केन्द्र (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| सातौं दिन | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, |
| | ढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>ोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>ारिवारिक सम्पर्क नभएका ब्यक्तिहरूको खोजि कार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | बिस्थापित भएकाहरूलाई थप त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आगोजना/नेरेसो |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |

| | | |
|---|---|---|
| | स्विकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने र थप आबश्यक पर्ने राहतका लागी समन्वय गरी बितरणको व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रभाावित क्षेत्रमा खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ र सरुक्षित वातावरणको प्रत्याभुति दिने विशेषगरी लङ्ैगिक हिसां नियन्त्रण गर्न विशेष ध्यान दिने | स्थानीय तह, महिला बालवालीका तथा सामाजिक विकास शाखा |
| | बिस्थापितहरूलाई गैह्खाद्य र खाद्य सामग्रीको सेट वितरण गर्ने । | नेपाल रेडक्रस सोसाइटी/स्थानीय तह खाद्य सुरक्षा नेतृत्व गर्ने निकाय, बिश्वखाद्य कार्यक्रम |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनगुमन र प्रतवदेन तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | आबश्यकताको आधारमा विपद् लेखाजोखा मार्गदर्शन २०७२ अनुसार थप लेखाजोखाका औजारहरूलाई सक्रिय बनाउने (MIRA/CSDA) | जिल्ला विपद् व्यवस्थापन समिति<br>विषय क्षत्रगत नेतृत्व गर्ने निकायहरू र सहयोगी निकायहरू |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरूको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रभावित परिवारको दर्ता गर्ने, प्रभावितको लागि परिचयपत्र उपलब्ध गराउने । | स्थानीय तह/जिल्ला विपद् व्यवस्थापन समिति/जिल आपत्कालन कार्य संचालन केन्द्र |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरूको अवस्था बारे राष्ट्रिय र प्रदेश आपतकालिन कार्य संचालन केन्द\| (NEOC/PEOC) मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| दोश्रो हप्ता | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सूचना प्रकाशन प्रशारण गर्ने | भुकम्प मापन केन्द्र, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरू |
| | बढि प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागी तत्काल निर्देशन दिने र खोज उद्धारका लागी सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, |
| | बढि प्रभावित क्षेत्रहरूमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागी स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरूको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| | DDRT/NDRT/RDRT टिमहरू र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी |
| | हेबि ईक्युपमेन्ट सहित भुकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ |
| | बिस्थापित भएकाहरूलाई थप त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी विकास तथा भवन निर्माण आगोजना/नेरेसो |
| | विषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरू |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | थप आबश्यक पर्ने राहतका लागी समन्वय गरी स्विकृत मापदण्ड बमोजिम बितरणको व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह |
| | प्रभाावित क्षेत्रमा खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको प्रत्याभुति दिने विशेषगरी लैंगिक हिसां नियन्त्रण गर्न विशेष ध्यान दिने | स्थानीय तह, महिला बालवालीका तथा सामाजिक विकास शाखा |
| | थप गैह्खाद्य सामग्रीको सेट वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी/स्थानीय तह |
| | थप अस्थायी शिबिर व्यवस्थापन गर्ने | आवाश विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, अन्य सहयोगी निकायहरू |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनगुमन  र प्रतवदेन तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
